# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६५ | काठमाडौं | सोमबार, १९ असोज २०८३ | Prabhab National Daily | Monday, 05 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## युवालाई रोजगारीमा जोड्ने माध्यम बन्दै रोजगार मेला



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले सञ्चालनमा ल्याएको सीप तथा रोजगार मेलामार्फत युवाहरूले रोजगारी पाउन थालेका छन् । हाल कोशी प्रदेशअन्तर्गत सुनसरीको इटहरीमा मेला आयोजना भइरहेको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

शनिबारसम्म ६६ जनाले रोजगारीको अवसर पाएका युवा, श्रम तथा रोजगार मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयले चालु आर्थिक वर्षमा देशभर एक लाख रोजगारी सिर्जना गर्ने उद्देश्यले मेला आयोजना गरेको जनाएको छ । इटहरीमा जारी मेलामा सीप सिक्ने, रोजगारी खोज्ने र अवलोकन गर्नका लागि दैनिक करिब पाँच हजारको उपस्थिति रहेको जनाइएको छ । मंगलबारसम्म सञ्चालन हुने मेलाबाट सामान्य प्रकृतिका सीप नभएर पनि रोजगारीको अवसर गुमाइरहेकाहरूले बढी फाइदा लिन सक्ने मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले बताइन् ।

'सरकारले प्लेटफर्म उपलब्ध गराइदिएको छ । त्यो अनुसारको सीप सिकेर रोजगारी खोज्न सक्नुहन्छ,' उनले भनिन्, 'कतिपयले सामान्य प्रकृतिको सीप नहुँदा पनि रोजगारीको अवसर गुमाइरहेको अवस्था हुन्छ । जस्तोः कफी मेकिङ, नेल आर्ट, कपाल काट्ने, अचार बनाउनेजस्ता सामान्य स्किलका लागि यसले सपोर्ट गर्छ ।'

मन्त्रालयले सञ्चालन गरेको रोजगार मेलाको वेबसाइटमा शनिबारसम्म ५३३ रोजगारदाता जोडिएका, छ हजार ६१२ रोजगार खोजकर्ता आएका, ४४२ वटा पद प्रकाशित गरिएको र छ हजार ५०० रिक्त पद रहेका जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## बदलिएको कांग्रेसको बदलिँदो परिदृश्य

- खुलामञ्चमा पुरानो र नयाँ पुस्ताको शक्ति सन्तुलन
- देउवाको अनुपस्थितिले कांग्रेसभित्र बदलियो समीकरण
- पुस्तान्तरण र रूपान्तरणको सन्देश
- युवाको सहभागिता र नयाँ राजनीतिक अपेक्षा महाधिवेशनमा

■ जेबी योञ्जन




**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनले पार्टीभित्रको नेतृत्व परिवर्तनमात्र देखाएको छैन, बदलिँदो राजनीतिक परिस्थितिसँगै कांग्रेसको स्वरूपसमेत फेरिँदै गएको देखिएको छ । काठमाडौंको खुलामञ्चमा देखिएको दृश्यले पुरानो पुस्ताको प्रभाव, नयाँ पुस्ताको उत्साह र नेतृत्व हस्तान्तरणको नयाँ अध्यायलाई एकैपटक सतहमा ल्याएको छ ।

महाधिवेशन उद्घाटन समारोहमा कांग्रेसका पुराना र नयाँ पुस्ताका नेता एउटै मञ्चमा देखिए । देशका प्रमुख राजनीतिक दलका नेताहरू पनि उपस्थित भए । कांग्रेसका अधिकांश पदाधिकारी र शीर्ष नेताको उपस्थितिले मञ्च भरिएको थियो । तर, लामो समय पार्टीको नेतृत्व गरेका पूर्वसभापति शेरबहादुर देउवा भने अनुपस्थित रहे । उनको कुर्सी खाली रह्यो ।

यो अनुपस्थिति आफैंमा महाधिवेशनको एउटा प्रमुख राजनीतिक सन्देश बन्यो । जबकि, देउवाका लागि मञ्चमा स्थान छुट्याइएको थियो । महाधिवेशनको लोगोमा उनको तस्बिरसमेत राखिएको थियो । सभापति गगनकुमार थापाका अनुसार उनलाई प्रमुख अतिथिका रूपमा निम्तो पठाइएको थियो । तर उनी महाधिवेशनमा आएनन् ।

यसले कांग्रेसमा पुरानो नेतृत्व र नयाँ नेतृत्वबीचको दूरी अझ स्पष्ट बनाएको छ । करिब छ दशक लामो राजनीतिक यात्रा गरेका देउवा अहिले पार्टीको मूलधारबाट बाहिर देखिएका छन् । उनको अनुपस्थितिसँगै लामो समय उनीसँग राजनीतिक सहकार्य गरेका केही नेताहरू पनि नयाँ नेतृत्वको वरिपरि देखिएनन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### कांग्रेसको मञ्चबाट कसले के भने ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटनमा विपक्षी दलका नेताहरू वालेन्द्र नेतृत्वको सरकारमाथि निकै गरम सुनिएका छन् । सरकार राजनीतिक दल, संसद् र नागरिकसँग संवाद गर्न नसकेकोदेखि मुलुकलाई स्वेच्छाचारितातर्फ लैजाने जोखिम बढेको आरोप उनीहरूले लगाएका छन् ।

काठमाडौंको खुलामञ्चमा आइतबार कांग्रेस महाधिवेशनको उद्घाटन समारोहमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल, नेकपा एमालेका महासचिव शंकर पोखरेल र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले आपत्ति जनाए ।

⏭ क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट क्रमशः**

## बदलिएको कांग्रेसको...

बिपी कोइरालाका छोरा शशांक कोइराला, गणेशमान सिंहका छोरा प्रकाशमान सिंह, महेन्द्रनारायण निधिका छोरा विमलेन्द्र निधि र शेखर कोइरालालगायतका नेताहरूको अनुपस्थिति पनि महाधिवेशनको बदलिएको राजनीतिक समीकरणको संकेत थियो ।

त्यसको ठीकविपरीत, सभापति थापा नेतृत्वको कांग्रेसले आफ्नो राजनीतिक प्राथमिकता स्पष्ट गर्न खोजेको देखिन्छ । जेन-जी आन्दोलनपछि उठेका प्रश्नलाई कांग्रेसभित्रको नेतृत्व परिवर्तनसँग जोडिएको छ । पुरानो शैली, नेतृत्वको केन्द्रीकरण र पुस्तान्तरणको प्रश्न महाधिवेशनको केन्द्रमा देखिएको छ । थापाको भाषणमा पनि यही मनोविज्ञान झल्कियो । उनले खुलामञ्चको प्रसंग निकाल्दै भने, 'खुलामञ्चको विशेषता फरक मान्छेलाई एकैठाउँमा ल्याइदिन्छन् । तर, खुलामञ्चमा आएपछि सबै मतभेद सकिँदैनन् । यस्ता खुलामञ्च धेरै चाहिएको छ । प्रश्न गर्दा सदस्यताबाट ननिकालियोस् ।'

यो भनाइ सामान्य राजनीतिक अभिव्यक्तिमात्रै थिएन । कांग्रेसभित्र विगतमा नेतृत्वसँग असहमति राख्दा भोग्नुपरेका घटनातर्फ पनि उनको संकेत थियो । थापाले कांग्रेसलाई व्यक्तिको वरिपरि होइन, संस्थाको आधारमा अघि बढाउने सन्देश दिन खोजे । उनले बिपी र गणेशमानको विरासतलाई व्यक्तिका सन्तानसँग होइन, उनीहरूले निर्माण गरेको राजनीतिक आदर्शसँग जोडेर प्रस्तुत गरे । 'बिपी कोइरालाको छोरा कहाँ हुनुहुन्छ, गणेशमानको छोरा कहाँ हुनुहुन्छ मलाई थाहा छैन । तर बिपी र गणेशमानको आत्मा यहाँ छ,' थापाको भनाइ थियो ।

महाधिवेशनको अर्को विशेषता नयाँ पुस्ताको उल्लेख्य उपस्थिति हो । जेन-जी आन्दोलनपछि राजनीतिमा आएको पुस्तान्तरणको बहस कांग्रेसभित्र पनि प्रवेश गरेको छ । यसपटक पार्टीका विभिन्न तहमा युवाहरूको सहभागिता बढेको छ । यसले कांग्रेसभित्र संगठन, नेतृत्व र राजनीतिक एजेण्डामा परिवर्तनको दबाब बढाएको छ । त्यसैले १५औं महाधिवेशन नेतृत्व चयन गर्ने कार्यक्रममामात्रै सीमित देखिँदैन । यसले कांग्रेसको आगामी राजनीतिक चरित्र निर्धारण गर्ने प्रयास हुने ठानिएको छ ।

एकातिर पुरानो पुस्ताको अनुभव र राजनीतिक विरासत छ । अर्कोतिर नयाँ पुस्ताको असन्तुष्टि, ऊर्जा र परिवर्तनको चाहना छ । यी दुई पक्षबीच सन्तुलन कायम गर्नु नयाँ नेतृत्वका लागि ठूलो चुनौती हुने विश्लेषकहरूको भनाइ छ । कांग्रेसका लागि अर्को चुनौती वर्तमान सत्ताको राजनीतिक शैली पनि हो । नयाँ राजनीतिक शक्तिको उदय, पुराना दलप्रतिको असन्तुष्टि र जनताको बदलिँदो अपेक्षाबीच कांग्रेसले आफूलाई पुनः परिभाषित गर्नुपर्ने अवस्था छ । खुलामञ्चमा देखिएको भीड र उत्साहले कांग्रेसभित्र आशा अझै जीवित रहेको देखाउँछ । तर त्यो उत्साहलाई संगठनात्मक सुधार, स्पष्ट राजनीतिक दृष्टिकोण र जनतासँगको सम्बन्धमा बदल्न नसके नेतृत्व परिवर्तन मात्रै पर्याप्त हुने छैन ।

र, खुलामञ्चमा देखिएको दृश्यले एउटा कुरा भने प्रस्ट पारेको छ- कांग्रेस बदलिँदै छ । अब त्यो परिवर्तन कति गहिरो हुन्छ र त्यसले नेपाली राजनीतिमा कति प्रभाव पार्छ भन्ने परीक्षा नयाँ नेतृत्वको हुने छ ।

■ ■ ■

## कांग्रेसको मञ्चबाट...

विपक्षी नेताहरूको अभिव्यक्तिमा फरक-फरक राजनीतिक एजेण्डा भए पनि सरकारसँग संवादको अभाव, राजनीतिक अस्थिरता, लोकतन्त्र र संविधानमाथिको जोखिम तथा शासन प्रणालीमा सुधारको आवश्यकता साझा विषयका रूपमा उठेको थियो । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पनि सोही मञ्चमा उपस्थित थिए । महाधिवेशनमा कांग्रेस सभापति गगनकुमार थापाले प्रधानमन्त्री वालेन्द्र शाहको संसद्मा अनुपस्थितिलाई लिएर कडा प्रश्न उठाए । प्रधानमन्त्री संसद्मा उपस्थित नहुनुले संसद् खुला नरहेको सन्देश दिएको उनको भनाइ थियो ।

'संसद् खुला छैन । संसद् बन्द छ, किनकि जुन संसद्ले, जहाँको सांसदले जसलाई प्रधानमन्त्री बनाउनुभएको छ । प्रधानमन्त्रीको उपस्थिति आफूलाई बनाउने सांसदका निम्ति र आफूलाई नबनाउने सांसद्का निम्ति पनि,' उनले भने, 'यो संसद्को गरिमाका लागि, यो व्यवस्थाका लागि, जनताको सम्मानका लागि जुन दिनसम्म त्यो ठाउँमा सम्मानपूर्वक प्रधानमन्त्रीको उपस्थिति रहँदैन । त्यो दिनसम्म संसद् खुला भएको हुँदैन ।'

थापाले नेपालको राजनीतिमा लामो समयदेखि एउटै अनुहार दोहोरिने प्रवृत्तिले जनतामा निराशा बढाएको बताए । उनका अनुसार प्रधानमन्त्री बनेका व्यक्ति फेरि प्रधानमन्त्री बन्न खोज्ने, नेता बनेका व्यक्ति पटक-पटक नेतृत्वमा दोहोरिने र मन्त्री बनेका व्यक्ति पनि सत्तामै रहिरहने प्रवृत्तिले राजनीतिप्रति वितृष्णा बढाएको हो । 'म्युजिकल चियरजस्तो बनेको थियो । प्रधानमन्त्री बनेका फेरि बन्न मन लाग्ने, नेता बनेका फेरि बनिरहने, मन्त्री पनि बनिरहने, सत्ता नछोड्ने,' उनले भने ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले वर्तमान सरकारका गतिविधिप्रति सबैभन्दा गम्भीर चिन्ता व्यक्त गरे । उनले देश, लोकतन्त्र र संविधान नै अप्ठ्यारो अवस्थामा रहेको बताए । सरकारका अभिव्यक्ति, क्रियाकलाप र गतिविधिले मुलुक स्वेच्छाचारितातर्फ जाने खतरा देखिएको उनको आरोप थियो । 'देश अप्ठेरोमा छ । लोकतन्त्र नै अप्ठेरोमा छ । संविधान पनि अप्ठेरोमा छ । अहिलेका सरकारका कयौं अभिव्यक्ति क्रियाकलाप र गतिविधिले स्वेच्छाचारितातिर देश जाने हो कि भन्ने गम्भीर खतरा पैदा भएको छ,' उनले भने ।

दाहालले अहिलेको राजनीतिक अवस्थामा संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझै सुदृढ गर्नुपर्ने बताए । संविधान र शान्ति प्रक्रियाका बाँकी विषय टुंग्याउन नसकिए मुलुक थप अप्ठ्यारोमा जान सक्ने उनको भनाइ थियो । दाहालले सरकारको आलोचनामात्र गरेनन्, नयाँ राजनीतिक नेतृत्वलाई नयाँ ढंगले अघि बढ्न पनि आग्रह गरे । कांग्रेस सभापति थापा र रास्वपा सभापति लामिछानेलाई उनले 'क्रमभंगता' गर्न सुझाव दिए । आफूले विगतमा क्रमभंगता गर्दै आएको भन्दै अब नयाँ पुस्ताको पालो भएको उनको भनाइ थियो ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले सरकारमाथि लगाएको मुख्य आरोप संवादहीनताको थियो । उनका अनुसार सत्तारुढ रास्वपाका सभापति लामिछानेले राष्ट्रिय मुद्दामा राजनीतिक दलहरूलाई संवादमा ल्याउने प्रयास गरिरहेका छन् । तर सरकार आफैं भने राजनीतिक दल, संसद् र नागरिकसँग संवाद गर्न तयार नभएको उनले बताए । 'रास्वपाका सभापति रवि लामिछानेले राजनीतिक दलहरूलाई एक ठाउँमा ल्याउनका लागि निरन्तर प्रयत्न गर्नुहुन्छ, राष्ट्रिय मुद्दाहरूमा,' उनले भने, 'तर सरकार राजनीतिक दलहरूसँग संवाद गर्दैन । सरकार संसद्सँग संवाद गर्दैन ।'

पोखरेलले सरकारको यही कार्यशैलीलाई मुलुकका लागि चिन्ताको विषयका रूपमा प्रस्तुत गरे । विशेषगरी प्राकृतिक विपद्, राजनीतिक संकट र अन्य राष्ट्रिय चुनौतीको सामना गर्न सरकार र राजनीतिक दलबीच सहकार्य आवश्यक रहेको उनले बताए । तर सरकार संवादबाट टाढिँदै गएको अवस्थामा यस्ता चुनौती सामना गर्न कठिन हुने उनको भनाइ थियो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले सरकारकोमात्र होइन, समग्र राजनीतिक अभ्यासको समीक्षा गर्नुपर्ने बताए । उनले अहिलेको राजनीतिक अवस्था थप जटिल बन्दै गएको बताए । दलहरूले अपनाएको निषेधको राजनीतिले समस्या समाधान गर्नुको सट्टा देशलाई थप अप्ठ्यारो अवस्थामा पुर्‍याएको उनको आरोप थियो । 'देश अँध्यारो सुरुङतर्फ प्रवेश गरेको छ । राजनीतिक तरलता झन बढेर गएको छ,' उनले भने ।

लिङ्देनका अनुसार समस्या व्यक्तिमामात्र सीमित छैन । राजनीतिक व्यवस्था र संविधानको अभ्यासमा पनि कमजोरी देखिएको छ । उनले संविधानलाई अपरिवर्तनीय दस्तावेजका रूपमा लिन नहुने बताए । समयअनुसार देखिएका कमजोरी सच्याउँदै अघि बढ्नुपर्ने उनको धारणा थियो । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले वर्तमान राजनीतिक समस्याको समाधानका लागि शासन प्रणालीमै सुधार आवश्यक रहेको बताए । उनले बदलिँदो समयअनुसार राजनीतिक दलहरू पनि बदलिनुपर्ने बताए ।

### वालेन्द्र सत्ताको बचाउमा रवि

विपक्षी नेताहरूले सरकारमाथि प्रश्न उठाइरहँदा सत्तारुढ रास्वपा सभापति लामिछानेले भने सरकारको बचाऊ गरेका छन् । उनले सरकार कमजोर भएको र जुनसुकै बेला ढल्न सक्ने भन्ने चर्चा निराधार भएको बताए । 'कहिलेकाहीँ सुनिन्छ, सरकार कमजोर भयो, सरकार ढल्छ, अहिलै ढल्छ, भोलि ढल्छ, दसैंमा ढल्छ, तिहारमा ढल्छ, छठमा ढल्छ, नेपाल संवत्मा ढल्छ, ढल्छ कि ढल्छ भनेको सुनन्छु,' उनले भने , 'ढल्न त ढल्छ, तर यो पटक-पटक सरकार ढल्छ भन्ने मान्छे सरकार नढलेको देखेर बेहोश भएर ढल्छ ।'

लामिछानेले अहिलेको सरकार व्यक्तिलाई सत्तामा पुर्‍याउने उद्देश्यलेमात्र गठन नभएको दाबी गरे । इतिहास बदल्ने उद्देश्यसहित जनताले सरकार चुनेको उनको भनाइ थियो । उनले सरकार परिवर्तनका लागि सडक आन्दोलनलाई अस्वीकार गर्दै निर्वाचनलाई मात्र वैधानिक विकल्पका रूपमा प्रस्तुत गरे । यससँगै लामिछानेले कांग्रेसलाई पनि एक कार्यकाल प्रतिपक्षमा बसेर जनताको सेवा गर्न आग्रह गरे ।

■ ■ ■

## युवालाई रोजगारीमा...

मन्त्रालयका अनुसार रोजगारी खोज्नेहरूको 'जब म्याचिङ'पछि चौधरी ग्रुप, भाटभटेनी सुपरमार्केट, रिलायन्स स्पिनिङ मिल्स, एसियन फुड्सलगायतका कम्पनीमा रोजगारीको अवसर पाएका छन् । मेलामा एआई ट्रेनिङ, बारिस्टा, अचार बनाउने, एसी मर्मत, सिटी सफारी इभी मर्मत, कुक र वेटर, मेकअप तथा नेल आर्टस, आतिथ्य सत्कार, ग्रहक सेवा तथा सञ्चार कला, डिजिटल मार्केटिङ, आधारभूत लेखा, उद्यमशीलता विकास र व्यावसायिक योजनालगायतका १० वटा विधामा तालिम लिन सकिने मन्त्रालयको भनाइ छ । 'सीप र रोजगारीः साझा जिम्मेवारी' भन्ने नाराका साथ सुरु गरिएको मेला चालु आर्थिक वर्षमा सातै प्रदेशमा आयोजना गरिसक्ने जनाइएको छ । कोशी प्रदेशमा सकिएपछि निर्देशक समितिको बैठक बसेर अन्य प्रदेशमा गर्नेबारे थप निर्णय हुने मन्त्रालयको भनाइ छ ।

पछिल्लो समय स्वदेशमा रोजगारीको अवसर नपाएको भन्दै रोजगारीको खोजीमा युवाहरू विदेसिने क्रम बढ्दो छ । गत आवमा सात लाख ९१ हजारभन्दा बढी युवा रोजगारीको खोजीमा विदेसिएका थिए । रोजगारी नपाएरै विदेसिनुपर्ने बाध्यतालाई न्यूनीकरण गर्न भन्दै सरकारले आव २०८३/८४ देखि २०९२/९३ लाई रोजगार प्रवर्द्धन दशक घोषणा गरेको छ । यस्ता कार्यक्रमले रोजगारी नै नपाएर विदेसिनुपर्ने बाध्यतालाई न्यूनीकरण गर्दै जाने प्रवक्ता आचार्यले बताइन् । मेलामा छोटो अवधिका तालिम प्रदान गरिए पनि सीप सिक्ने व्यक्तिलाई कुनै न कुनै रूपमा उपयोगी हुने उनको भनाइ छ ।

'मानिसहरू यहाँ काम नै नपाएर विदेश गएका हुन् या यहाँभन्दा राम्रो सुविधा प्राप्त गर्न सकिन्छ भनेर विदेसिने गरेका छन्, त्यसको पहिचान पनि आवश्यक छ,' उनले भनिन्, 'यद्यपि यस्ता कार्यक्रमले विदेश जाने मनस्थिति बनाइरहेकाहरूलाई यहाँ पनि अवसर छ है भनेर देखाउन सहयोग गर्छ । साथै सीप भनेको अवसर पनि हो । सीप सिकेपछि स्वदेशीमात्र नभएर विदेशी रोजगारीको सन्दर्भमा पनि प्रयोग गर्न सकियो ।' मेलामा सहभागीहरूले विभिन्न सीपमूलक तालिम लिन, रोजगारदातासँग भेटघाट र नयाँ अवसरको जानकारी लिन सक्ने छन् । इटहरीको मेलामा ६५ वटा स्टल राखिएका छन् । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (एनएभिटी) र निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो । युवाहरूलाई सीपयुक्त बनाउँदै मुलुकमा रोजगारी सिर्जना गर्न सरकारले यस्ता मेलाका साथै, अन्य कार्यक्रमहरू पनि आयोजना गर्दै जाने जनाइएको छ ।

# २२ वर्षपछि 'सम्यक महादान' हुँदै

**काठमाडौं–** २२ वर्षपछि आगामी माघ १ गते काठमाडौं महानगरपालिकाले 'सम्यक महादान' आयोजना गर्ने भएको छ । कामपाले राष्ट्रिय सभागृहमा 'सम्यक महादान' मूल समारोह समितिको सचिवालय स्थापना गरेर सम्यक् महादान (नेवाः बौद्ध (बज्रयान) परम्परामा गरिने ऐतिहासिक तथा धार्मिक एवं सांस्कृतिक दान) को तयारी थालेको हो ।

सम्यक लामो समयसम्म नभएकाले सम्पदाको संरक्षण गर्ने कार्यक्रमअन्तर्गत यस वर्ष सम्यक महादानको काम गर्न लागिएको काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् । महादान कार्यक्रम आयोजना गर्न आवश्यक सबै प्रकारका प्रशासनिक प्रक्रिया तथा तयारी गर्ने, कार्यान्वयन समिति र क्षेत्रगत उपसमिति, सरोकार भएका निकाय र साझेदारसँग समन्वय गर्ने काम सचिवालयले गर्ने उनले बताइन् । कामु प्रमुख डंगोलका अनुसार नेपाल मण्डलमा सम्यक महादान दुई प्रकारले गर्ने गरिएको छ । एउटा जसलाई इच्छा लाग्यो, उसले गर्न सक्छ । यसलाई ऐच्छिक सम्यक भनियो । अर्को गुठीबाट गर्ने गरिएको सम्यक हो । जसलाई गुठी सम्यक भनिन्छ ।

'काठमाडौंमा गुठी सम्यक तीन भिन्नाभिन्नै खलकको समूहले हरेक चार वर्षमा गर्दथे । पछि यी तीन वटै समूह मिलेर हरेक १२ वर्षमा एक चोटी गर्दै आएका थिए,' समितिका संयोजक नेपाल बज्रयान महाविहार लुम्बिनीका चक्रेश्वर प्रा.डा. नरेशमान बज्राचार्यले भने, 'गुठी सम्यक नभएको २२ वर्ष भयो । ऐच्छिक सम्यक नभएको २५ वर्ष भयो ।' यो सम्यक सञ्चालन तथा व्यवस्थापनलगायतका नीतिगत काम गर्न असोज ८ गते कामपाकी कार्यवाहक प्रमुख डंगोलको प्रमुख संयोजकत्वमा ३०१ सदस्यीय मूल समारोह समिति घोषणा भइसकेको छ । कार्यवाहक प्रमुख डंगोलकै अध्यक्षतामा ३७ सदस्यीय कार्यान्वयन समिति घोषणा भएको छ ।

मुख्य दुई दिन हुने महादानको पहिलो दिन हनुमान ढोकामा र दोस्रो दिन स्वयम्भूको भुइँखेलमा मनाइने परम्परा छ । महादान २०६१ सालपछि काठमाडौंमा मनाउन नसकिएको समितिका संयोजक प्रा.डा. बज्राचार्यले बताए । उनका अनुसार बौद्धहरूले गर्ने हरेक धार्मिक क्रियाकलापमा दान कार्य प्रायः अनिवार्यरूपमा समावेश हुन्छ । नेपालमा दान अभ्यासका लागि नियमित वार्षिक पञ्जरां (पञ्चदान), ऐच्छिक पञ्जरा, नराँ पञ्जरां दान, निश्चित अन्तरालपछि गरिने महासम्यक दानहरू पर्वकै रूपमा मनाउँदै आइएको उनले जानकारी दिए । यो परम्परालाई निरन्तरता दिन तथा पुस्तान्तरण गर्न कामपाले आर्थिक वर्ष २०८३/८४ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा काठमाडौं उपत्यकाको प्राचीनतम सांस्कृतिक महत्त्व बोकेको, मानवीय, करुणामयी र जनएकता गराउने सम्यक महादान सञ्चालन गर्ने कार्यक्रम पारित गरेको थियो । *रासस*


## आठराई त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१९**

यस गाउँपालिकाको आ.व. २०८३/०८४ को लागी स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुबाट तपशिल बमोजिमका बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न इच्छुक व्यक्ति फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र साथै आवश्यक अनुसार अख्तियारीपत्र सहित यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, हाङपाङ शाखा स्थित आन्तरिक राजश्व खाता नं. २६७०१००३०१०१०००२ AATHRAI GA.PA.-GA-1-1-AANTARIK RAJ मा जम्मा गरी सो को सक्कल भौचर पेश गरेर गाँउपालिकाको कार्यालयबाट खरिद गरी, जमानत रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, हाङपाङ शाखा स्थित धरौटी खाता नं. २६७०१००३०३००००२ AATHRAI GA.PA.(GA-3)-DHARAUTI ACCOU मा जम्मा गरी सक्कल भौचरसहित वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट बोलपत्र/दरभाउपत्र जमानतपत्र र आवश्यक कागजात सहित गाँउपालिकाको कार्यालयमा शिल गरेर हार्डकपि (Hardcopy) मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ । साथै दरभाउपत्र/बोलपत्रहरुको Bid Document कार्यालयको वेवसाईट www.aathraitribenimun.gov.np मा राखिएको हुँदा तपशिल बमोजिमको शर्तको अधिनमा रहि दरभाउपत्र/बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु (Bid Documents) रित पूर्वक भरी यस कार्यालयमा बुझाउन सकिने व्यहोरा जानकारिको लागी अनुरोध छ ।

- थप जानकारीको लागि www.aathraitribenimun.gov.np मा वा ९८५२६६०९६० मा सम्पर्क गर्न सकिन्छ । अन्य प्रावधान प्रचलित कानुन अनुसार हुनेछ ।

**तपशिल**

| क्र. सं. | ठेक्काको नाम | ठेक्का नं. | ठेक्का रकम (भ्याट रकम बाहेक, पि.एस रकम सहित) | जमानत रकम | जमानत मान्य अवधि | दस्तुर | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Upgrading work of Gaaithuna-Deurali Road | ATRM/SQ/RD/01/83/84 | १७७०२७७.२७/- | ५४०००/- | ४५ दिन | १००० | २०८३/०६/२६ १७:०० | २०८३/०६/२७ ११:३० | २०८३/०६/२७ १४:०० |
| २ | Upgrading Work of Sobuwa khola-Barjhyang -Ward number 5- Change School Road | ATRM/SQ/RD/02/83/84 | १७७२२७७.९०/- | ५४०००/- | ४५ दिन | १००० | २०८३/०६/२६ १७:०० | २०८३/०६/२७ ११:३० | २०८३/०६/२७ १४:०० |

**पुनश्चः** माथि उल्लेखित ठेक्काहरुको लागि दरभाउपत्र/बोलपत्र सूचना बमोजिमको माध्यमबाट प्रत्येक दरभाउपत्र/बोलपत्र दस्तुर माथि उल्लेखित तत सम्बन्धी दर्ता गर्ने अन्तिम मिति र समयभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ अन्यथा दरभाउपत्र/बोलपत्र दस्तुरमा खरिद गर्ने अन्तिम मिति र समय पछिको मिति भएमा दर्ता गर्ने मिति र समयभित्र दरभाउपत्र/बोलपत्र बुझाएमा पनि दरभाउपत्र/बोलपत्र मान्य भएको मानिने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**



**युएइमा रोजगार** कम्पनी : ALSORAA & ALITQAN CLEANING AND TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१८ LT. No. 344707 चलानी नं. ६०२५७९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 41 | 0 | 1000 | ४२,१९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678
श्रम इजाजत नं. ९१५/०६७/६८



**मलेसियामा रोजगार** कम्पनी : KSD GLOBAL SECURE GUARDS(M) SND.BHD

पूर्व स्वीकृति मिति : LT. No. चलानी नं.

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARDS | 50 | 0 | 1700 | ६४,१८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु। २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Sunlight Overseas Recruiting Manpower Pvt.Ltd**
Kareshwor Marge- 31, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com



**कतारमा रोजगार** कम्पनी : GREEN QUALITY FOR HOSPITALITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ LT. No. 348802 चलानी नं. ६०२६२०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 0 | 1 | 2500 | १,०६,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | DRIVER (LIGHT VEHICLE) | 2 | 0 | 1800 | ७६,५६४ | | | | | | | |
| 3. | GEN. CLEAN WORKER | 0 | 5 | 1000 | ४२,५३६ | | | | | | | |
| 4. | Marketing Manager | 0 | 2 | 5700 | २,४२,४५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**GOLDEN GLOW OVERSEAS PVT. LTD.** (Sampaanata Overseas Pvt. Ltd.)
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080



**कतारमा रोजगार** कम्पनी : COMPUSERVE FOR SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ LT. No.348894 चलानी नं. ६०२६२२०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICE AGENT | 2 | 0 | 1100 | ४६,७८९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER(Male) | 1 | 0 | 1100 | ४६,७८९ | | | | | | | |
| 3 | ASST.ELECTRICIANS | 3 | 0 | 1100 | ४६,७८९ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Jasmine Overseas Pvt. Ltd.**
श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



**साउदीमा रोजगार** कम्पनी : AL-TADHAMON AL-WAFI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१८ LT. No. 341630 चलानी नं. ६०२५४९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ७४,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Kapeel Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. ९६५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

# तीन तहबीच समन्वय, सहकार्य र सहअस्तित्वको आवश्यकतामा जोड

■ प्रभाव संवाददाता

**ललितपुर–** बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले संघीयताको कार्यान्वयनमा भएको कमजोर पक्षको सुधार गर्दै समृद्ध बागमती प्रदेश निर्माणका लागि संघ, प्रदेश र स्थानीयका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक रहेको बताएका छन् ।

बागमतीको प्रदेश सुशासन केन्द्रले आइतबार ललितपुरमा आयोजना गरेको 'संघीयता कार्यान्वयनका १० वर्ष' विषयक अन्तरसंवाद कार्यक्रममा उनले प्रदेश र स्थानीय तहबीच पर्याप्त समन्वय नहुँदा प्रदेशबाट पठाइएका वित्तीय हस्तान्तरण तथा साना विकास योजनाको कार्यान्वयनमा समस्या देखिएको बताए ।

'स्थानीय तहसँग समन्वय नगरी प्रदेशस्तरबाट योजना समावेश गर्दा कतिपय प्रभावकारीरूपमा कार्यान्वयन हुन नसकेको अवस्था छ । तीनै तहका जनप्रतिनिधि र सरकारबीच सहकार्य भएमा विकास निर्माणका योजना प्रभावकारीरूपमा सञ्चालन हुने छन्, जसबाट बागमती प्रदेशका १३ वटै जिल्लाका नागरिक प्रत्यक्ष लाभान्वित हुने छन्,' मुख्यमन्त्री थापामगरले भने ।




उनले बागमती प्रदेश सरकारले शिक्षा क्षेत्रमा शिक्षक क्षमता विकास, सूचना तथा सञ्चार प्रविधि (आइसिटी) कक्षा तथा आवश्यक उपकरणका लागि बजेट विनियोजन गर्दै आएको जानकारी दिए । प्रदेश सरकारले बागमती विश्वविद्यालय सञ्चालन गर्नुका साथै स्वास्थ्य क्षेत्रमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत सेवा तथा जनशक्ति विकासमा काम गरिरहेको उनले उल्लेख गरे ।

प्रदेशका विभिन्न कार्यक्रमले शिक्षा, स्वास्थ्य तथा समग्र आर्थिक गतिविधिमा योगदान पुऱ्याइरहेको बताउँदै मुख्यमन्त्री थापामगरले स्थानीय तहका जनप्रतिनिधि, प्रदेशसभा सदस्य र संघीय सांसदबीच पनि निरन्तर समन्वय आवश्यक रहेको धारणा राखे । सरकारले निर्माण गरेका ऐन, कानुनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्दै नागरिकले प्रत्यक्ष लाभ पाउने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए ।

बागमती प्रदेशकी उपसभामुख अप्सरा चापागाईंले संघीयता कार्यान्वयन र सवलीकरणमा प्रदेश सरकारले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताउँदै नागरिकमैत्री सेवा प्रवाहमा समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक रहेकामा जोड दिइन् । सीमित स्रोतसाधनको बाबजुद पनि प्रदेश सरकारले संघीयताको कार्यान्वयनका सन्दर्भमा कानुन निर्माण गर्न प्रभावकारी भूमिका निर्वाह गर्दै आएको जानकारी गराउँदै उनले जिम्मेवारी पदमा रहेका सबैको सकारात्मक भूमिका रहनुपर्ने धारणा राखिन् ।

काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले संविधानको अनुसूचीमा लेखिएका अधिकारहरू कार्यान्वयन नभएसम्म संघीयता सवलीकरण नहुने भन्दै संघीयताको सफल कार्यान्वयनमा तीन तहबीच समन्वय, सहकार्य र सहअस्तित्व आवश्यक पर्नेमा जोड दिइन् । संघीयताको सन्दर्भमा पदमा हुँदा एउटा र पदमा नरहँदा अर्को व्याख्या गर्ने पद्धति राख्न नहुनेमा उनले जोड दिइन् । राज्यशक्तिको बाँडफाँडको सिद्धान्तलाई तीनै तहबीच कानुनी रूपमा हुनुपर्ने उनको भनाइ छ ।

संघीयताविज्ञ एवं राष्ट्रिय सभाका पूर्वसदस्य डा. खिमलाल देवकोटाले संघीयताको कार्यान्वयनसँगै सिंहदरबारको अधिकार नागरिकको घरदैलोमा पुगेको, प्रदेशिक र स्थानीय विकासको जग बसेको, स्रोत र साधनको समानुपातिक बाँडफाँड र सहभागितामूलक विकास र शान्ति कायम भएको उल्लेख गरे । उनले तीन तहबीचको समन्वयमा शान्ति, सुशासन र विकासमा काम गर्दै संघीयता सवलीकरणमा लाग्नुपर्ने आवश्यकता औंल्याए ।

# बेत्रावतीको बेलीब्रिज दसैंअघि सञ्चालनमा आउने

**रसुवा–** नेपाली सेनाको नेतृत्वमा रसुवा-नुवाकोट सीमासँगै बेत्रावतीस्थित फलाखुखोलामा निर्माण हुने बेलीब्रिज दसैंअघि सञ्चालनमा आउने भएको छ ।

गत भदौमा गएको रसुवा बाढीले सो खोलाको पक्की पुल बगाएपछि अवरुद्ध भएको पासाङल्हामुमार्गस्थित सो खोलामा बेलीब्रिज निर्माण भएसँगै सडक यातायात सञ्चालनमा आउने छ ।

नेपाली सेनाका प्रवक्ता सहायक राजाराम बस्नेतका अनुसार गल्छी-मैलुङ-स्याफ्रुबेंसी सडक सुधार आयोजनाले आगलीटार-बेत्रावती सडकखण्ड सञ्चालनमा ल्याएपछि बेलीब्रिज निर्माणका लागि आवश्यक सामग्री ढुवानी गर्न सहज भएको हो ।

'बेलीब्रिज जडानका क्रममा आवश्यक सामग्री बेत्रावतीस्थित निर्माणस्थल पन्छाइएको छ । बाढीप्रभावित जनतालाई राहत दिने सरकारी नीति तथा कार्यक्रमलाई मूर्तरूप दिन बडादसैंअघि नै बेलीब्रिज जडान गरी सवारीसाधन सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ,' प्रवक्ता बस्नेतले भने ।

गत भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीले बेत्रावती बजार क्षेत्रमा ठूलो क्षति पुऱ्याउनुका साथै फलाखुखोलामा रहेका पुरानो र नयाँ दुवै पक्की पुल बगाएसँगै काठमाडौं-नुवाकोट हुँदै रसुवासम्मको सडक यातायात प्रभावित भएको छ ।

सो स्थानमा पुल बगेपछि रसुवाको दक्षिणी तथा उत्तरी क्षेत्रबीचको आवागमन, दैनिक उपभोग्य वस्तुको ढुवानी तथा अत्यावश्यक सेवासमेत प्रभावित भएको छ । बेलीब्रिज निर्माणपछि राजधानी काठमाडौंसँग रसुवाको सडक सम्पर्क सहज हुने जिल्लावासीको अपेक्षा छ । *रासस*

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०६/१४ गते भक्तपुर मध्यपुर ठिमी वडा नं. ०६ बहाखा बजारमा पार्किङ गरी राखिएको अवस्थामा कालो, निलो रङ्गको २२०CC को पल्सर मोटरसाइकल अन्दाजी २१:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सोनाम लामा**
**बाइक नं.: बा.प्र.-०२-०६७ प २१११**
**च्यासिस नं.: MD2A13EX7TCM84352**
**इन्जिन नं. : DKXCTM34405**
**ठेगाना : सिन्धुपाल्चोक, बाह्रबिसे**
**सम्पर्क नं. ९७६७४११३४०**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष अंक १६३ असोज १७ गते २०८३ मा प्रकाशित युएइ देशको म्यानपावर (**EMPLOYMENT CREATION SERVICE PVT.LTD.**) को **MODERN CHOICE CLEANING SERVICES CO. L.L.C** कम्पनीको **Lt.no. 348796** को **A CLEANER WINDOWS** को सङ्ख्या महिला-८ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**Employment Creation Service Pvt. Ltd.**
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम इजाजत नं. ८००/०६०/६१

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/१९ गते**

यस कम्पनीको मिति २०८०/०७/१५ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लिडरसिप एकेडेमी नेपाल एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि.**(Leadership Academy Nepal At Asian Institute Of Technology And Mangement Pvt.Ltd) नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.**(Leadership Academy Nepal Pvt.Ltd ) **(प्रा.लि.नं. १६७५०३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०६/१८ गते

यस कार्यालयमा मिति २०६१/०३/११ मा दर्ता कायम भएको **डब्लु डब्लु डब्लु डट नेपाल कोरीया डट कम प्राईभेट लिमिटेड (प्रा.लि.नं. २८९५०)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीसँग कसैको लिन, दिन, तिर्नु बुझाउनु पर्ने दायित्व भए स-प्रमाण **हकदावी**को लागि **३५** दिनभित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी स्वेच्छिक खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०९/२७ मा दर्ता भएको यस **लिटिल स्टार इङ्गलिस वोर्डिङ्ग स्कूल प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १४३७७८) कम्पनी यस कार्यालयको मिति २०८३/०५/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **स्वेच्छिक खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

यस कार्यालयमा मिति २०७५-०५-०८ मा दर्ता भएको (प्रा.लि.नं.१९७०१७) को **पतंजली हार्डवेयर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३-०२-२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल विद्युत प्राधिकरण**
**प्रसारण निर्देशनालय**
**केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल**

## सिंहदरबार-मैतीदेवी-चावहिल १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना ४.७३ कि.मि. डबल सर्किटको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सूचना

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**

**(प्रकाशित मितिः २०८३/०६/१९ गते )**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल, फोन नं.९७७-०१-४१५३०३५,<br>ईमेल : ktmvtsep.a@gmail.com,nea ptl@nea.org.np, ktmvtsep.a@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित सिंहदरबार-मैतीदेवी-चाबहिल १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं.२९ स्थित प्रस्तावित सिंहदरबार सबस्टेसनदेखि सुरु भई वडा नं.१० र ९ हुँदै वडा नं.७ मा अवस्थित चावहल सबस्टेसनसम्म जानेछ । आयोजनाको भूमिगत प्रसारण लाइनमा ९ वटा जोइन्ट पिटहरू निर्माण गरिनेछ । यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ । यस प्रसारण लाइनको भारवहन क्षमता ३०० मेगावाट रहेको छ । |
| **प्रभाव पर्ने प्रदेश/ जिल्ला/न.पा./वडा.नं.** | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२९,१०,९ र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको मा.न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :**

| **प्रस्तावकको नाम र ठेगाना** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-०१-४१५३०३५<br>ईमेल:ktmvtsep.a@gmail.com,nea ptl@nea.org.np, ktmvtsep.a@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत<br>(स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>इमेल : electrical@wapcos.co.in |

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना १९ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : कोहलपुर शाखा** — **कर्जा शिर्षक : आवधिक-घर कर्जा**

| **ऋणीको विवरण** |
|---|
| पदम विर राना मगरको नाति बुध्दी बल राना मगरको छोरा दैलेख जिल्ला बेलासपुर गा.वि.स. वडा नं. १ हाल, बाँके जिल्ला बैजनाथ गा.पा वडा नं. २ बस्ने **डम्बर सिं राना मगर** (ना.प्र.नं. : ११४३( दैलेख) जारी मिति र जिल्ला : २०४७/०९/१९, दैलेख) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| धम्बल सिं रानाको छोरी बुध्दी बल राना मगरको बुहारी डम्बर सिं राना मगरको पत्नी दैलेख जिल्ला बेलासपुर वडा नं. १ हाल, बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. २ बस्ने **मन कुमारी राना मगर** (ना.प्र.नं. : ८४५५२/२५४७ जारी मिति र जिल्ला : २०५२/०२/१९, दैलेख) |

**२) शाखा कार्यालय : कोहलपुर शाखा** — **कर्जा शिर्षक : आवधिक-सामुहिक कर्जा**

| **ऋणीको विवरण** |
|---|
| खड्ग बहादुर रानाको छोरी जसवीर घर्ति मगरको बुहारी सुन्दर घर्ति मगरको पत्नी सुर्खेत जिल्ला जर्बुटा गा.वि.स. वडा नं. १ हाल, बाँके जिल्ला बैजनाथ गा.पा वडा नं. १ बस्ने **सुर्या घर्ति मगर** (ना.प्र.नं. : ७७५५८ जारी मिति र जिल्ला : २०६३/०२/०८, बाँके) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) जसवीर घर्ति मगरको नाति सुन्दर घर्ति मगरको छोरा सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. ११ हाल, बाँके जिल्ला बैजनाथ गा.पा वडा नं. १ बस्ने **अजय घर्ति मगर** (ना.प्र.नं. : ६४-०१-७७-०१७६६ जारी मिति र जिल्ला : २०७७/०७/१६, सुर्खेत) |
| २) पदम विर राना मगरको नाति बुध्दी बल राना मगरको छोरा दैलेख जिल्ला बेलासपुर गा.वि.स. वडा नं. १ हाल, बाँके जिल्ला बैजनाथ गा.पा वडा नं. २ बस्ने **डम्बर सिं राना मगर** (ना.प्र.नं. : ११४३( दैलेख) जारी मिति र जिल्ला : २०४७/०९/१९, बाँके) |
| ३) खड्ग बहादुर रानाको छोरी शेर बहादुर रानाको बुहारी राम बहादुर राना मगरको पत्नी बाँके जिल्ला चिसापानी वडा नं. ३ हाल, बैजनाथ गा.पा वडा नं. १ बस्ने **दिपिका राना मगर** (ना.प्र.नं. : ६६१०४७/५३८ जारी मिति र जिल्ला : २०६८/०४/०३, बाँके) |

**३) शाखा कार्यालय : गल्याङ शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक तथा अधिविकर्ष कर्जा**

| **ऋणीको विवरण** |
|---|
| नर बहादुर वि.क.को नाति कुल बहादुर वि.क.को छोरा स्याङ्जा जिल्ला कालीगण्डकी गा.पा. वडा नं. ३ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **पिताम्बर वि.क. खड्का** (ना.प्र.नं. : ३८०७३ जारी मिति र जिल्ला : २०५३/१२/०५, स्याङ्जा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) तिलकराम रसालीको छोरी कुल बहादुर वि.क.को बुहारी पिताम्बर वि.क. खड्काको पत्नी स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **सुमित्रा खड्का** (ना.प्र.नं. : ४२३०२८/४२६ जारी मिति र जिल्ला : २०६३/११/१४, स्याङ्जा) |
| २) कुल बहादुर वि.क.को नाति पिताम्बर वि.क. खड्काको छोरा स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **शास्वत खड्का** (ना.प्र.नं. : ४२-०२-७८-०११८४ जारी मिति र जिल्ला : २०७८/०६/०४, स्याङ्जा) |
| ३) कुल बहादुर वि.क.को नातिनी पिताम्बर वि.क.खड्काको छोरी स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **स्मृती खड्का** (ना.प्र.नं. : ४२-०२-७५-०१५०३ जारी मिति र जिल्ला : २०७५/०३/०८/, स्याङ्जा) |
| ४) वंशराज थापाको नाति टेक बहादुर थापाको छोरा स्याङ्जा जिल्ला कृष्णगण्डकी वडा नं. १ हाल, कालीगण्डकी गा.पा. वडा नं. ५ बस्ने **शिव बहादुर थापा** (ना.प्र.नं. : ४३८९ जारी मिति र जिल्ला : : २०४८/०३/०३, स्याङ्जा) |

**४) शाखा कार्यालय : गोरखा शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

| **ऋणीको विवरण** |
|---|
| कल्याण के.सी.को छोरी मान बहादुर अधिकारीको बुहारी श्याम कुमार अधिकारीको पत्नी गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ८ बस्ने **वविता कुमारी अधिकारी** (ना.प्र.नं. : ४४१००१/४९४७ जारी मिति र जिल्ला : २०७०/०१/०४, गोरखा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नर बहादुर अधिकारीको नाति मान बहादुर अधिकारीको छोरा गोरखा जिल्ला पृ.ना. वडा नं. ६ हाल, गोरखा न.पा. वडा नं. ८ बस्ने **श्याम कुमार अधिकारी** (ना.प्र.नं. : १३६२५१ जारी मिति र जिल्ला : २०६२/११/२३, गोरखा) |
| २) कृष्ण बहादुर अधिकारीको नाति नर बहादुर अधिकारी क्षेत्रीको छोरा गोरखा जिल्ला रानीस्वारा वडा नं. ३ हाल, गोरखा न.पा. वडा नं. ८ बस्ने **मान बहादुर अधिकारी क्षेत्री** (ना.प्र.नं. : १९३ जारी मिति र जिल्ला : २०३४/०९/०६, गोरखा) |

**५) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : महिला उद्यमसिल आबधीक कर्जा**

| **ऋणीको विवरण** |
|---|
| नाम : **स्मृती कृषि तथा पशुपंक्षी फर्म** संचालकको नाम : स्मृती भण्डारी न्यौपाने व्यवसाय कर दर्ता नं. : १३६<br>दर्ता गर्ने कार्यालय : निलकण्ठ नगरपालिका नगर कर्यपालिकाको कार्यलय दर्ता मिति : २०७८/०३/२८<br>रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला निलकण्ठ वडा नं. १२ स्थायी लेखा नं. : १०८३९६५५१ |
| **अव्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| अर्जुन न्यौपानेको बुहारी सुरेश न्यौपनेको पत्नी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **स्मृती भण्डारी न्यौपाने** (ना.प्र.नं. : २६१/६१२४८ जारी मिति र जिल्ला : २०६९/०९/२४, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भिम बहादुर भण्डारीको नाति धन कहादुर भण्डारीको छोरा धादिङ जिल्ला सांकोष वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **सुमन भण्डारी** (ना.प्र.नं. : २६१/४२९६६ जारी मिति र जिल्ला : २०६५/१२/२४, धादिङ) |
| २) जित बहादुर न्यौपानेको बुहारी अर्जुन न्यौपानको पत्नी धादिङ जिल्ला निलकण्ठ गा.वि.स वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **गोमा न्यौपाने** (ना.प्र.नं. : ६४१७-२०४४/४५ जारी मिति र जिल्ला : २०४५/०२/१२, धादिङ) |

**६) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| **ऋणीको विवरण** |
|---|
| अर्जुन न्यौपानेको बुहारी सुरेश न्यौपनेको पत्नी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **स्मृती भण्डारी न्यौपाने** (ना.प्र.नं. : २६१/६१२४८ जारी मिति र जिल्ला : २०६९/०९/२४, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| भिम बहादुर भण्डारीको बुहारी तोरन बहादुर भण्डारीको पत्नी धादिङ जिल्ला सांकोष वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **दिल कुमारी भण्डारी** (ना.प्र.नं. : ६९०५ जारी मिति र जिल्ला : २०५१/१०/०९, धादिङ) |

**७) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आबधिर्क कर्जा**

| **ऋणीको विवरण** |
|---|
| जित बहादुर न्यौपानेको नाति अर्जुन न्यौपानेको छोरा धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **सुरेश न्यौपाने** (ना.प्र.नं. : १/३७०२९ जारी मिति र जिल्ला : २०६७/०४/२३, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) जित बहादुर न्यौपानेको बुहारी अर्जुन न्यौपानको पत्नी धादिङ जिल्ला निलकण्ठ गा.वि.स वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **गोमा न्यौपाने** (ना.प्र.नं. : ६४१७-२०४४/४५ जारी मिति र जिल्ला : २०४५/०२/१२, धादिङ) |
| २) जित बहादुर न्यौपानेको नाति अर्जुन न्यौपानेको छोरा धादिङ जिल्ला निलकण्ठ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **रमेश न्यौपाने** (ना.प्र.नं. : २६१/१८२४३ जारी मिति र जिल्ला : २०६४/११/२१, धादिङ) |
| ३) अर्जुन न्यौपानेको बुहारी सुरेश न्यौपनेको पत्नी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **स्मृती भण्डारी न्यौपाने** (ना.प्र.नं. : २६१/६१२४८ जारी मिति र जिल्ला : २०६९/०९/२४, धादिङ) |

**८) शाखा कार्यालय : कोहलपुर शाखा** — **कर्जा शीर्षक : आवधिक-सामुहिक कर्जा**

| **ऋणीको विवरण** |
|---|
| मान बहादुर घर्तीमगरको बुहारी ज्ञान बहादुर घर्तीमगरको पत्नी पाल्पा जिल्ला तानसेन न.पा वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. ३ बस्ने **टिना घर्ती मगर** (ना.प्र.नं. : ३९-०१-७०-०८१६१ जारी मिति र जिल्ला : २०७०/११/१४ पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) क्षेत्रमान शाक्यको बुहारी सुरेन्द्र शाक्यको पत्नी पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ३ बस्ने **भिम कुमारी शाक्य** (ना.प्र.नं. : १२२३६ जारी मिति र जिल्ला : २०४०/०१/२८, पाल्पा) |
| २) दल बहादुर मल्लको नाति प्रशान्त मल्लको छोरा पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **निरज मल्ल** (ना.प्र.नं. : ९४३१० जारी मिति र जिल्ला : २०५९/०४/२२, पाल्पा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संसद् अधिवेशनः तथ्यांकमा सफल, नतिजामा औसत

संघीय संसद्का दुवै सदन (प्रतिनिधिसभाको दोस्रो र राष्ट्रिय सभाको २१औं अधिवेशन) अन्त्य भइसकेको छ । गत वैशाख २८ गतेदेखि सुरु भई १४५ दिनसम्म चलेको यो अधिवेशन असोज १६ गते शुक्रबार राति १२ बजेदेखि औपचारिकरूपमा अन्त्य भएको हो । यस अवधिमा प्रतिनिधिसभा ६२ कार्यदिनमा ६८ पटक र राष्ट्रिय सभा ५२ पटक बसेर आफ्ना कार्यसूचीहरू पूरा गरेका छन् ।

अधिवेशनको प्राविधिक तथा तथ्यांकीय उपलब्धिलाई हेर्ने हो भने संसद् पूर्णतः निष्क्रिय भने रहेन । प्रतिनिधिसभाले २७७ घण्टा ३० मिनेट र राष्ट्रिय सभाले ९८ घण्टा १० मिनेट संसदीय कामकारबाहीमा समय व्यतीत गरेका छन् । आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट सर्वसम्मति तथा बहुमतले पारित गर्नुका साथै ३५ वटा सरकारी विधेयक दर्ता भई १२ वटा विधेयक दुवै सदनबाट पारित हुनु, अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरू अनुमोदन हुनु र बाढीपहिरो एवं जलवायु परिवर्तनका असरबारे अध्ययन गर्न विशेष समिति गठन हुनुलाई संसद्का सकारात्मक पहलकदमीका रूपमा लिन सकिन्छ । तर, तथ्यांकको जोडघटाउभन्दा माथि उठेर यस अधिवेशनको समग्र समीक्षा गर्ने हो भने संसद्को विधायिकी भूमिका र कार्यपालिकालाई जवाफदेही बनाउने कार्यमा भने कमजोर बनेको देखिन्छ ।

संसद्को प्रमुख दायित्व सरकारलाई जनताप्रति उत्तरदायी बनाउनु हो । तर, प्रधानमन्त्रीसँग महिनाको पहिलो साता हुनुपर्ने प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम बाढीपहिरो र विपद्को बहानामा नियमित हुन नसक्नु व्यवस्थापिकामाथि कार्यपालिकाको छाया परेको आभास दिलाउँछ । जनता बाढी, पहिरो, महँगी र आर्थिक शिथिलताले प्रताडित भइरहँदा संसद्मा घनीभूतरूपमा बहस भएर तत्काल राहत र पुनर्निर्माणको ठोस कार्ययोजना आउनुपर्नेमा औपचारिक दुःख व्यक्त गर्ने र समिति गठन गर्ने परम्परागत शैलीमै संसद् सीमित रह्यो । प्रधानमन्त्री वालेन्द्र शाहको उपस्थिति खोज्दै हरेकजसो बैठकमा प्रतिपक्षी सांसदहरूले प्रश्न गरे पनि प्रधानमन्त्री शाहले त्यसको बेवास्ता गरे ।

सभामुख डोलप्रसाद अर्यालले संसद् कमजोर नभएको र सशक्त रूपमा चलेको दाबी गरे पनि आमनागरिकको आँखाबाट हेर्दा संसद्ले जनअपेक्षा अनुसारको ऊर्जा र नतिजा दिन सकेको छैन । शून्य, विशेष र आकस्मिक समयमा सांसदहरूले उठाएका जनजीविकाका बहुआयामिक प्रश्नहरूमा सरकारले दिएको कम चासो र कार्यपालिकालाई संसद्ले दरिलो ढंगले झकाझक्याउन नसक्नुले व्यवस्थापिकाको साखमाथि नै प्रश्न उठाएको छ ।

तसर्थ, आगामी अधिवेशनलाई केवल नयाँ भवनमा सार्ने भौतिक तयारीमामात्र सीमित नराखी संसद्को काम गर्ने परम्परागत शैलीमा पनि व्यापक सुधार ल्याउनु आवश्यक छ । संसद्लाई कर्मकाण्डी बैठक, बजेट पास गर्ने थलो र दलीय खिचातानीको अखडामात्र बनाउनुको साटो जनताका ज्वलन्त समस्या हल गर्ने, थन्किएका महत्त्वपूर्ण विधेयकहरूलाई द्रुत गतिमा पारित गर्ने र कार्यपालिकामाथि कडा निगरानी राख्ने जीवन्त थलोका रूपमा स्थापित गर्नैपर्छ । आगामी अधिवेशनमा नयाँ संरचनासँगै नयाँ कार्यसंस्कृति र जनमुखी विधायिकी अभ्यासको स्पष्ट प्रतिबद्धता देखिनु अनिवार्य छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।

# खाली आँगन, परदेशी सपना



❑ डा. शोभाकर पराजुली

"समृद्धि भनेको वृद्ध आमाबुबाले बुढेसकालमा आफ्ना सन्तानको हात समात्न पाउनु पनि हो । विकास केवल अग्ला भवन र चौडा सडक होइन, विकास भनेको घरभित्रको खाली कुर्सी भरिनु पनि हो । सफलता केवल विदेशी भूमिमा राम्रो जीवन पाउनु होइन, सफलता आफ्नै देशको माटोमा उभिएर अरूका लागि अवसर निर्माण गर्नु पनि हो । आज नेपालको हरेक खाली आँगनले हामीलाई एउटा प्रश्न सोधिरहेको छ- 'मेरो छोरा कहाँ छ ?'

बिहानको झिसमिसेमा नेपालको कुनै गाउँ सम्झौं । एउटा पुरानो घरको आँगनमा वृद्ध बुबा चुपचाप बसिरहेका छन् । भान्सामा आमा उठिसकेकी छन् । चुलोमा आगो बलिरहेको छ । घरभित्र सबै कुरा छ, तर घरमा एउटा कुरा छैन- छोराछोरीको आवाज ।

कुनै समय यही घर बिहानैदेखि हाँसोले भरिन्थ्यो । कसैले आमासँग चिया माग्थ्यो, कसैले विद्यालय जान हतार गर्थ्यो, कसैले किताब खोज्थ्यो, कसैले बुबाको गाली खान्थ्यो । आज ती आवाजहरू सम्झनामामात्र छन् । छोराको कोठा अझै उस्तै छ । दराजमा पुराना कपडा छन् । टेबलमा पुराना किताब छन् । भित्तामा बाल्यकालको फोटो छ । तर छोरा छैन । ऊ हजारौं किलोमिटर टाढा छ । घरमा पैसा आउँछ, मोबाइलमा फोन आउँछ, भिडियो कल आउँछ, तर छोरा आफैं आउँदैन । आमा कहिलेकाहीँ छोराको कोठामा पस्छिन्, ओछ्यान मिलाउँछिन्, सिरानी छाम्छिन् र केही क्षण मौन बस्छिन् । उनलाई थाहा छ- छोरा विदेशमा छ । तर आमाको मनले दूरी बुझ्दैन । आमाको मनले केवल एउटा कुरा बुझ्छ- 'मेरो छोरा घरमा छैन ।'

यो एउटा घरको कथामात्र होइन । यो आजको नेपालको सामाजिक यथार्थ बन्दै गएको कथा हो । गाउँदेखि सहरसम्म, हिमालदेखि तराईसम्म, हजारौं घरका आँगनमा यस्तै प्रतीक्षा छ । कसैका छोरा वैदेशिक रोजगारीमा छन्, कसैकी छोरी उच्च शिक्षाका लागि विदेशमा छिन्, कसैको सन्तान पढ्न गएको थियो तर उतै काम गरेर बस्यो । घरमा पैसा आउँछ तर परिवारको सदस्य आउँदैन । बैंक खातामा रकम बढ्छ, तर आमाबुबाको काख खाली हुन्छ । नयाँ घर बन्छ, तर घरको एउटा कोठा सधैं अधुरो रहन्छ ।

हामीले रेमिटचान्सको हिसाब राखेका छौं, तर अनुपस्थित सन्तानका कारण खाली भएका घरहरूको हिसाब राखेका छैनौं । हामीले विदेशी मुद्रा सञ्चितिको चर्चा गरेका छौं तर वृद्ध आमाबुबाको एक्लोपनको आर्थिक र सामाजिक मूल्यबारे पर्याप्त चर्चा गरेका छैनौं । कुनै समय नेपाली अभिभावकको सबैभन्दा ठूलो सपना छोराछोरीलाई राम्रो शिक्षा दिएर आफ्नै देशमा स्थापित गर्नु थियो । छोरा वा छोरीले राम्रो जागिर खाओस्, व्यवसाय गरोस्, आफ्नै घर बनाओस् र बुढेसकालमा आमाबुबाको सहारा बनोस् भन्ने चाहना हुन्थ्यो तर आज धेरै परिवारको सपना फेरिएको छ । विदेशको भिसा लाग्नु उपलब्धि भएको छ ।

विदेशको विश्वविद्यालयमा प्रवेश पाउनु प्रतिष्ठाको विषय भएको छ । छोरा अमेरिका, अस्ट्रेलिया, जापान, क्यानडा वा युरोप गएको खबर परिवारले गर्वका साथ सुनाउँछ । आफन्तहरू बधाइ दिन्छन् । मिठाइ बाँडिन्छ । सामाजिक सञ्जालमा फोटो राखिन्छ तर त्यही परिवारको अर्को छोरा नेपालमै बसेर उद्योग, कृषि, प्रविधि, अनुसन्धान वा व्यवसाय गरिरहेको छ भने प्रश्न उठ्छ- 'विदेश जाने विचार छैन ?'

यो सामान्य प्रश्नजस्तो देखिए पनि यसको पछाडि एउटा गम्भीर सामाजिक मनोविज्ञान छ । हामीले विस्तारै यस्तो धारणा बनाएका छौं कि विदेश जानु सफलता हो र नेपालमै बस्नु विकल्पको अभाव हो । यही मानसिकता आजको समस्याको एउटा गहिरो जरा हो । विदेश जानु आफैंमा गलत होइन । संसार खुला छ ।

युवाले नयाँ देश हेर्न, राम्रो शिक्षा लिन, सीप सिक्न र अन्तर्राष्ट्रिय अवसर खोज्न पाउनु स्वाभाविक हो । विदेशमा गएर मिहेनत गर्ने नेपाली युवाले आफ्नो परिवारमात्र होइन, देशको अर्थतन्त्रमा पनि योगदान गरेका छन् । रेमिटचान्सले लाखौं परिवारको जीवनस्तर सुधारिएको छ । शिक्षा, स्वास्थ्य, आवास र दैनिक उपभोगमा यसको ठूलो भूमिका छ । तर प्रश्न विदेश जानु सही वा गलत भन्ने होइन । प्रश्न यो हो- विदेश जानु अवसर हो कि बाध्यता ?

यदि एउटा युवा नेपालमा पनि सम्मानजनक रोजगारी, उचित पारिश्रमिक, निष्पक्ष अवसर र भविष्यको आशा देखेर आफ्नो निर्णय गर्नसक्छ भने विदेश यात्रा अवसर हुन्छ । तर यदि उसले 'यहाँ मेरो भविष्य छैन' भनेर पासपोर्ट निकाल्छ भने त्यो केवल व्यक्तिगत निर्णय होइन, राष्ट्रको गम्भीर संकेत हो । हामी प्रायः युवालाई दोष दिन्छौं । 'आजकलका युवामा देशप्रेम छैन', 'सबैलाई विदेश जान हतार छ', 'नेपालमा काम गर्न कोही चाहँदैन'- यस्ता टिप्पणी सहजै सुनिन्छन् तर हामीले अर्को प्रश्न कमै सोध्छौं- युवाले नेपालमा भविष्य किन देख्न सकेन ? वर्षौं पढेपछि पनि रोजगारीको निश्चितता नहुनु, आफ्नो योग्यताअनुसार पारिश्रमिक नपाउनु, व्यवसाय सुरु गर्न अनेकौं अवरोध सामना गर्नपर्नु, पुँजी र बजारको समस्या हुनु, नीतिगत अस्थिरता हुनु, योग्यताभन्दा पहुँच र चिनजानले अवसर पाउनु र भविष्यबारे विश्वास गर्न नसक्नुले युवाको मनमा निराशा जन्माउँछ । त्यसपछि उसले देश छोड्ने निर्णय गर्छ । त्यसैले युवा पलायनलाई केवल युवाको कमजोरीका रूपमा हेर्नु गलत हुने छ । यो हाम्रो शिक्षा, अर्थतन्त्र, राजनीति, प्रशासन र सामाजिक संरचनाको सामूहिक परीक्षाको परिणाम पनि हो ।

विमानस्थलमा विदेश जाने युवाको दृश्य हेर्दा यो पीडा अझ स्पष्ट हुन्छ । हातमा पासपोर्ट, काँधमा झोला, आँखामा सपना र पछाडि आँसु लुकाइरहेका आमाबुबा । आमाले छोराको झोलामा अन्तिमपटक केही खोज्छिन् । 'औषधि राख्यौ ?', 'पैसा पुग्छ ?', 'समयमा खाना खानू'- उनी निरन्तर प्रश्न गर्छिन् । वास्तवमा उनी यी प्रश्न सोधिरहेकी हुँदिनन्; उनी छोरासँग केही मिनेट अझ बढी कुरा गर्न चाहिरहेकी हुन्छिन् । उनले भन्न चाहेको मुख्य कुरा हुन्छ- 'छोरा, मलाई छोडेर नजाऊ ।'

तर त्यो वाक्य उनी बोल्न सक्दिनन् । किनकि उनलाई थाहा छ, छोराको भविष्य खोज्न उ जानैपर्छ । बुबा पनि बलियो बन्न खोज्छन् । उनी छोराको काँधमा हात राखेर भन्छन्- 'मिहेनत गर्नू ।' तर मनभित्र भन्न चाहन्छन्- 'पैसा कमाउनुभन्दा पहिले आफूलाई सुरक्षित राख्नू ।'

छोरा विमानस्थलभित्र पस्छ । आमा बाहिर उभिरहन्छिन् । विमान उड्छ । आकाशमा त्यो बिन्दु हराउँदै जान्छ तर आमाको आँखा त्यही दिशामा अड्किरहन्छ । त्यो क्षणमा विमानले एउटा युवामात्र लिएर गएको हुँदैन; एउटा परिवारको दैनिक जीवनको एउटा हिस्सा पनि लिएर गएको हुन्छ ।

त्यसपछि सुरु हुन्छ प्रतीक्षाको जीवन । फोनको घण्टी बज्दा आमा झसंग हुन्छिन् । मोबाइलमा विदेशी नम्बर देख्दा मुहार उज्यालिन्छ । 'कस्तो छौं ?'- पहिलो प्रश्न यही हुन्छ । 'म ठीक छु'- छोराको उत्तर आउँछ । आमाले पनि भन्छिन्- 'म पनि ठीक छु ।' तर उनीहरू दुवैलाई थाहा हुन्छ, उनीहरू पूर्णरूपमा ठीक छैनन् । आमालाई छोराको आवाज चाहिएको हुन्छ, छोरालाई आमाको काख तर दुईजनाबीच मोबाइलको स्क्रिन हुन्छ ।

दसैं आउँछ । घरमा टीका तयार हुन्छ । जमरा राखिन्छ । बुबा नयाँ कपडा लगाउँछन् । आमाले छोरा सम्झेर खाना बनाउँछिन् । मोबाइलमा भिडियो कल हुन्छ । छोराको अनुहार स्क्रिनमा देखिन्छ । आमाले मुस्कुराउँदै टीका लगाउन खोज्छिन् । औंला मोबाइलको स्क्रिनमा पुग्छ तर त्यो स्क्रिन निधार बन्न सक्दैन । आमाको हातमा टीका हुन्छ तर छोरा अगाडि हुँदैन । केही मिनेटपछि फोन काटिन्छ । स्क्रिन कालो हुन्छ । आमा केही बेर मोबाइल हेरेर बसिरहन्छिन् । त्यसपछि चुपचाप छोराको कोठामा जान्छिन् । ओछ्यानमा बस्छिन् । सिरानी छाम्छिन् । अनि आँसु पुछ्दै भन्छिन्- 'कहिले आउँछौं छोरा ?'

रेमिटचान्सले यो पीडा मेटाउँदैन । पैसा आवश्यक छ । पैसाविना परिवार चल्दैन । विदेशमा दुःख गरेर पठाएको पैसाले घर चल्छ, ऋण तिरिन्छ, शिक्षा हुन्छ, उपचार हुन्छ । त्यसैले वैदेशिक रोजगारीको योगदानलाई नकार्न मिल्दैन तर पैसाको एउटा सीमा हुन्छ । पैसाले घर बनाउन सक्छ, घरभित्रको हाँसो किन्न सक्दैन । पैसाले आमाको औषधि किन्न सक्छ, तर बिरामी हुँदा छोराको हात बन्न सक्दैन । पैसाले छोरीको पढाइ धान्न सक्छ, तर बाबुको काँधको स्थान लिन सक्दैन । पैसाले चाडपर्वको खर्च धान्न सक्छ तर दसैंमा आमाको हातबाट निधारमा लागेको टीकाको स्पर्श दिन सक्दैन । त्यसैले अब हामीले रेमिटचान्सको हिसाबसँगै एउटा अर्को हिसाब पनि राख्नुपर्छ-हामीले पैसा कमाउँदा परिवारले कति समय गुमायो ?

शिक्षाका लागि विदेश जाने युवाको कथा पनि यस्तै छ । विदेशमा राम्रो शिक्षा, प्रविधि र अनुसन्धानको अवसर हुन्छ । युवाले आफ्नो क्षमता विकास गर्छ । धेरैले त्यहीँ रोजगारी पाउँछन् र अन्ततः आफ्नो भविष्य त्यहीँ निर्माण गर्छन् । नेपालले उनीहरूको बाल्यकालदेखि शिक्षामा लगानी गरेको हुन्छ । परिवारले आफ्नो जीवनभरको बचत खर्च गरेको हुन्छ तर अन्ततः उनीहरूको ज्ञान, सीप र उत्पादकत्वको ठूलो हिस्सा विदेशी अर्थतन्त्रमा प्रयोग हुन्छ । यसलाई केवल प्रतिभा पलायन भनेर चिन्ता गरेर पुग्दैन । नेपालले विदेशमा सिकेको ज्ञानलाई फर्केर प्रयोग गर्नसक्ने वातावरण सिर्जना गर्नुपर्छ । फर्किएका युवालाई अवसर, पुँजी, प्रविधि र बजारसँग जोड्नुपर्छ । उनीहरूलाई 'किन फर्कियौं ?' भनेर होइन, 'अब नेपालमा के निर्माण गर्न चाहन्छौं ?' भनेर सोध्नुपर्छ ।

युवा पलायनको सबैभन्दा गहिरो कारण बेरोजगारीमात्र होइन, आशाको अभाव हो । जब एउटा युवा मिहेनत गरेपछि पनि आफ्नो भविष्य बदल्न सक्छु भन्ने विश्वास गुमाउँछ, तब देशप्रतिको सम्बन्ध कमजोर हुँदै जान्छ । राष्ट्रले आफ्ना नागरिकलाई केवल पूर्वाधार होइन, आशा पनि दिनुपर्छ । सडक, पुल, विमानस्थल र भवन आवश्यक छन् तर तीभन्दा महत्त्वपूर्ण कुरा युवाको मनमा रहेको विश्वास हो ।

'म नेपालमै बसेर पनि सफल हुन सक्छु' भन्ने विश्वास निर्माण गर्न नसक्ने देशले युवा रोक्न सक्दैन । त्यसैले समाधान युवालाई विदेश जान रोक्नु होइन, नेपाललाई युवाले बस्न चाहने देश बनाउनु हो । शिक्षा र रोजगारीबीचको सम्बन्ध बलियो बनाउनुपर्छ । प्राविधिक शिक्षा र सीपलाई सम्मानित बनाउनुपर्छ । उद्यमशीलताका लागि सहज वातावरण बनाउनुपर्छ । सूचना प्रविधि, जलविद्युत्, पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, डिजिटल सेवा र उद्योगमा ठूलो मात्रामा रोजगारी सिर्जना गर्नुपर्छ । अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउनुपर्छ । योग्यताभन्दा पहुँच ठूलो हुने संस्कार अन्त्य गर्नुपर्छ । राज्यका संस्थाप्रति विश्वास बढाउनुपर्छ । युवाले मिहेनत गरेपछि अवसर पाउने र आफ्नो श्रमको सम्मान हुने वातावरण बनाउनुपर्छ ।

राजनीतिले पनि आत्मसमीक्षा गर्नुपर्छ । युवा केवल चुनावी भीड होइनन् । उनीहरू देशको वर्तमान हुन् । उनीहरूलाई भाषणमा भविष्य भनेर सम्बोधन गरेरमात्र पुग्दैन । नीति निर्माणमा उनीहरूको सहभागिता हुनुपर्छ । नेतृत्वमा अवसर दिनुपर्छ । योग्य र सक्षम युवालाई जिम्मेवारी दिनुपर्छ । देशमा बसेर केही गर्न चाहने युवालाई राजनीतिक पहुँचको होइन, क्षमता र इमानदारीको आधारमा अवसर दिने व्यवस्था हुनुपर्छ । राज्यप्रतिको विश्वास पुनर्निर्माण नगरी युवा पलायनको समस्या समाधान हुन सक्दैन । परिवार र समाजले पनि सफलताको परिभाषा बदल्नुपर्छ ।

विदेशमा काम गर्ने छोरा सफल हुनु गर्वको विषय हो तर नेपालमा उद्योग खोल्ने छोरा पनि सफल हो । विदेशमा पढ्ने छोरी उपलब्धि हो । तर नेपालमा अनुसन्धान गर्ने छोरी पनि उपलब्धि हो । विदेशबाट पैसा पठाउने युवा योगदानकर्ता हो । तर नेपालमा अरूलाई रोजगारी दिने युवा पनि राष्ट्रनिर्माता हो । समाजले नेपालमै बसेर निर्माण गर्ने युवालाई सम्मान गर्न थालेपछि मात्र विदेश जाने सामाजिक दबाब कम हुने छ । 'मेरो छोरा विदेशमा छ' भन्ने परिचयभन्दा 'मेरो छोरा नेपालमा १० जनालाई रोजगारी दिन्छ' भन्ने परिचय पनि गर्वको विषय बन्नुपर्छ ।

हामीलाई अब यस्तो विकास चाहिन्छ जहाँ बैंक खातासँगै घरमा हाँसो पनि बढोस्, जहाँ पक्की घरसँगै परिवार पनि पक्की रूपमा जोडिएको होस्, जहाँ रेमिटचान्ससँगै सम्बन्धको मूल्य बुझियोस्, जहाँ विदेश जाने बाटो खुला होस् तर नेपालमा बस्ने बाटो पनि त्यत्तिकै सम्भावनायुक्त होस् । साथै, जहाँ विदेशमा पढेको युवा फर्कन चाओस्, जहाँ विदेशमा काम गरेको युवा आफ्नो अनुभव लिएर नेपालमा उद्यम गर्न चाहोस्, जहाँ आमाबुबाले छोराछोरीलाई बिदाइ गर्नमात्र होइन, स्वागत गर्न पनि विमानस्थल जान पाऊन् । एक दिन यस्तो हुनुपर्छ, जब एउटा आमा छोरालाई विमानस्थलमा बिदाइ गर्दै रोइरहनु नपरोस् । दसैंमा मोबाइलको स्क्रिनमा टीका लगाउन नपरोस् । बुबाले छोराको फोटो हेरेर एक्लै चिया पिउनु नपरोस् । छोराको कोठाको ढोका खोल्दा त्यहाँ पुरानो कपडामात्र होइन, छोरा स्वयं भेटियोस् । आमाको हातमा टीका होस् र अगाडि छोराको निधार होस् । घरको आँगनमा फेरि छोराछोरीको हाँसो सुनियोस् । त्यो दिन केवल एउटा परिवार खुसी हुने छैन । त्यो दिन एउटा राष्ट्रले आफ्नो भविष्य फिर्ता पाएको हुने छ किनकि समृद्धि केवल प्रतिव्यक्ति आय बढ्नु होइन ।

समृद्धि भनेको वृद्ध आमाबुबाले बुढेसकालमा आफ्ना सन्तानको हात समात्न पाउनु पनि हो । विकास केवल अग्ला भवन र चौडा सडक होइन, विकास भनेको घरभित्रको खाली कुर्सी भरिनु पनि हो । सफलता केवल विदेशी भूमिमा राम्रो जीवन पाउनु होइन, सफलता आफ्नै देशको माटोमा उभिएर अरूका लागि अवसर निर्माण गर्नु पनि हो । आज नेपालको हरेक खाली आँगनले हामीलाई एउटा प्रश्न सोधिरहेको छ- 'मेरो छोरा कहाँ छ ?'

हामीसँग सधैं 'विदेशमा छ' भन्ने उत्तर हुनु हुँदैन । एक दिन हामीले गर्वका साथ भन्न सक्नुपर्छ- 'ऊ यहीँ छ । यहीँ काम गर्दै छ । यहीँ सपना देख्दै छ । यहीँ आफ्नो परिवारसँग हाँस्दै छ र यहीँ नेपाल बनाउँदै छ ।'

त्यो दिन नेपालको वास्तविक पुनर्जागरण हुने छ, आमाको प्रतीक्षा समाप्त हुने छ, बुबाको खाली कुर्सी भरिने छ, विदेशबाट आउने फोनभन्दा घरभित्रको आवाज ठूलो हुने छ र त्यो दिन रेमिटचान्सको रकमभन्दा सन्तानको उपस्थितिलाई ठूलो सम्पत्ति मानिने छ र सायद कुनै बिहान एउटी वृद्ध आमा फेरि दुई कप चिया बनाउने छिन् । एउटा आफ्ना लागि, अर्को छोराका लागि । यसपटक उनले दोस्रो कप चिया फाल्ने छैनन् किनकि छोरा घरमै हुने छ । छोरा आमाको अगाडि बसेर चिया पिइरहेको हुने छ । आमाले उसको अनुहार हेरिरहने छिन् । केही बोल्न सक्ने छैनन् । केवल उसको हात समात्ने छिन् । अनि आँखाबाट आँसु झर्ने छ तर त्यो आँसु दुःखको हुने छैन । त्यो आँसु वर्षौंको प्रतीक्षापछि आफ्नै सन्तानलाई घर फर्किएको देख्ने आमाको आँसु हुने छ र त्यही दिन हामीले बुझ्ने छौं- राष्ट्रको वास्तविक समृद्धि बैंकमा जम्मा भएको पैसामामात्र होइन, आमाको काखमा फर्किएको सन्तानमा पनि हुन्छ । त्यो दिन खाली आँगन फेरि भरिएको हुने छ । *रासस*

# बाढीले डुबाएको घर सफा गर्दै दक्षिण कोरियाली स्वयंसेवक

■ प्रकाश सिलवाल

**नुवाकोट–** विपद्का समयमा एउटा समुदायले अर्को समुदायलाई साथ दिनुपर्छ । सायद, मानवीय सहयोगमा भूगोल वा अन्य कुनै छेकबार हुँदैन, केवल मन भए पुग्छ । विपद्का बेला भौगोलिक सीमाभन्दा माथि उठेर मानवीय सहयोग गर्नुपर्छ भन्ने सन्देशसहित दक्षिण कोरियाबाट आएको स्वयंसेवी टोलीले भोटेकोशी बाढीप्रभावित नुवाकोटको घर सरसफाइ तथा पुनरुत्थानमा गरेको काम स्थानीय समुदायका लागि प्रेरणाको स्रोत बनेको छ ।

गत साता नेपाल आइपुगेको आठ सदस्यीय कोरियाली टोलीले नुवाकोटको विदुर नगरपालिका-१ ढुंगेस्थित बजारका घरहरूमा १० दिनसम्म सरसफाइको अनुमति लिएर मजदुरझैं काम गरिरहेको छ । विदुर-१ का वडाध्यक्ष लेनिन रञ्जितद्वारा प्रदान गरिएको अनुमतिपत्रको प्रतिलिपिलाई सरसफाइ भइरहेको घर अगाडि टाँसेर टोलीले चर्को घामको वास्ता नगरी घरमा पुरिएको माटो खन्ने, ढुंगा फाल्ने, भाँचिएका बिम र काठहरू हटाउनेलगायत काम गरिरहेको छ ।

टोलीले हाल नुवाकोटको ढुंगे बजार क्षेत्रमा पुगेर बाढीबाट प्रभावित घर तथा आसपासको क्षेत्रको सरसफाइ गरिरहेको छ । लिडर लि खाङ उको नेतृत्वमा रहेको टोलीमा लि चाइ जुंग, नम हा जिन, सिन जेउङ हुन, किम हो योंग, योन हु योङ, किम सांग कि र लि योंग चोयल सहभागी छन् । यस समूहमा ८४ वर्षीय किम सांग कि पनि छन् । बुढ्यौली उमेरमा अर्काको मुलुकमा आएर यस्तो काममा लागेको देख्दा स्थानीय समुदायले आफूहरूलाई पनि काम गर्न उत्प्रेरणा मिलेको अनुभव गरेका छन् ।

'लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ आइ नेपाल' र 'लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३५४ डी कोरिया'को संयुक्त आयोजनामा आएको '९११ सर्च एण्ड रेस्क्यु' टिमले बाढीबाट क्षतिग्रस्त घर तथा बस्ती सफा गरी पुनः बस्नयोग्य बनाउने कामलाई तीव्रता दिएको हो । 'एक समुदाय विपद्मा पर्दा अर्को समुदायले मानवीय सहयोग गर्नुपर्छ' भन्ने भावनाका साथ आफूहरू नेपाल आएको टोली नेता लि खाङ उले बताए । विपद्को समयमा प्रभावित समुदायलाई प्रत्यक्ष सहयोग पुऱ्याउनुका साथै सामूहिक प्रयासबाट पुनरुत्थान सम्भव छ भन्ने सन्देश दिन टोली नेपाल आएको उनको भनाइ छ ।

उनले यसअघि नेपालमा गएको विनाशकारी भूकम्पको समयमा पनि आफ्नो टोली उद्धार तथा राहत कार्यमा सहभागी भएको स्मरण गरे । उनका अनुसार '९११ सर्च एण्ड रेस्क्यु टिम'ले हालसम्म विश्वका ५४ भन्दा बढी मुलुकमा पुगेर विभिन्न विपद्मा उद्धार तथा विपद् व्यवस्थापनसम्बन्धी काम गरिसकेको छ । लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ आइ नेपाल र डिस्ट्रिक्ट ३५४ डि कोरियाबीच कायम भएको भगिनी सम्बन्धका आधारमा संयुक्त उद्धार तथा सरसफाइ अभियान सञ्चालन गरिएको हो ।

लायन्स डिस्ट्रिक्ट ३२५ आइ नेपालका क्याबिनेट सेक्रेटरी अनुजकुमार श्रेष्ठले दुई देशका लायन्सबीचको सम्बन्धलाई मानवीय सेवामा रूपान्तरण गर्न यस अभियानले महत्त्वपूर्ण भूमिका खेलेको बताए । विपद्का बेला एक देश वा समुदायलाई अर्को देश तथा समुदायले सहयोग गर्ने संस्कारले मानवीय सम्बन्ध र आपसी भाइचारालाई थप बलियो बनाउने उनको भनाइ छ ।

विपद् व्यवस्थापन केवल राज्य वा कुनै एक संस्थाको दायित्व नभई समुदाय, देश र अन्तर्राष्ट्रियस्तरमासमेत साझा जिम्मेवारी हो भन्ने उदाहरणका रूपमा कोरियाली टोलीको सेवा कार्यलाई हेरिएको छ । *रासस*

## नेपाल विद्युत प्राधिकरण
### प्रसारण निर्देशनालय
### केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल

**चावहिल–कपन गुम्बा १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना ४.८४ कि.मि. डबल सर्किटको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सूचना**

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**

**(प्रकाशित मितिः २०८३/०६/१९ गते)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका र बुढानिलकण्ठ नगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **नेपाल विद्युत प्राधिकरण**<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं.९७७-०१-४१५३०३५, E-mail : ktmvtsep.a@nea.org.np |
| प्रस्तावको व्यहोरा | प्रस्तावित चावहिल-कपन गुम्बा १३२ के.भी.भूमिगत विद्युत प्रसारण लाइन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ७ मा अवस्थित चावहिल सबस्टेसनबाट सुरु भई बुढानिलकण्ठ नगरपालिका वडा नं.९, ८ र १० हुँदै बुढानिलकण्ठ नगरपालिका वडा नं.११ मा अवस्थित कपन गुम्बा सबस्टेसनसम्म जानेछ। आयोजनाको भूमिगत प्रसारण लाइनमा १४ वटा जोइन्ट पिटहरू र हाल भैरहेको चावहिल सबस्टेसनमा १३२ के.भी.को दुई वटा लाइन वे समेत निर्माण गर्ने कार्य गरिनेछ। यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ। यस प्रसारण लाइनको भारवहन क्षमता ३०० मेगावाट रहेको छ। |
| प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./वडा नं. | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.७, बुढानिलकण्ठ नगरपालिका वडा नं.९, ८, १० र ११ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली सामाजिक प्रणाली सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको मा.न.पा/न.पा.तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं.९७७-०१-४१५३०३५<br>E-mail : ktmvtsep.a@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत (स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>E-mail: electrical@wapcos.co.in |

## सुनवर्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### डाईनियाँ, मोरङ
### कोशी प्रदेश, नेपाल

**आ.व. २०८३/०८४ को लागि नदिजन्य पदार्थ (भरौट) उत्खनन् संकलन तथा विक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना**

**दोस्रो प्रकाशित मितिः २०८३/०६/१९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ञ्ञ को उपदफा २ को (घ) को (६) र दफा ६२ (क), कोशी प्रदेशको आर्थिक ऐन २०८३, को दफा (७) को उपदफा (१) र (७), सुनवर्षी नगरपलिकाको आर्थिक ऐन २०८३, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही सुनवर्षी नगरपलिका, मोरङ्गको क्षेत्राधिकार भित्र पर्ने सुनवर्षी नगरपाललकाको वडा नं. ३, ६ र ७ भएर बग्ने बक्राहा खोलाको स्वीकृत घाट र नाकाहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्मरकम्पनीहरूले बोलपत्र खरिद गरि तेस्रो पटक प्रकाशित सूचनाको मितिले ३ दिनभित्र हार्ड कपि मार्फत यस कार्यालयमा पेश गर्नहुन सार्वजनिक सूचना आह्वान गरिन्छ। अन्य थप जानकारीका लागि कार्यालयको वेबसाईट www.sunawarshimun.gov.np मार्फत अध्ययन गर्न सकिनेछ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | भरौट उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम बोलपत्र रकम रु. (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फारम शुल्क रु. |
|---|---|---|---|---|---|---|
| १. | SUNMUN/NCB/RIVER/083/084-01 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 2,3,6 and 7 | ३२, ००० (खोलाको घाट संख्या ३ (तिन) | ४५,२०,२८१.६०/- | कबोल अंकको ५% (मु.अ.कर बाहेक) | ३,०००/- |

**शर्तहरूः**

- बोलपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले **३औ दिन (मिति २०८३/०६/२१ गते) सम्म १७:०० बजे**भित्र यस न.पा.को खाता नं (Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138) मा रू. ३०००/- (फर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ।
- कबोल गरेको अंक (मु.अ।कर समेत)को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम हिमालयन बैंकमा रहेको यस न.पा.को धरौटी खाता नं (SUNAVARSHI GA-3 DHARAUTI KOSS KHATA:- A/C No:- 26856389230178) मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम म्याद देखि **१२० (एक सय बिस)** दिनको म्याद सहित जारी गरिएको बिड सेक्युरिटिरबण्ड पेश गर्नुपर्नेछ।
- बोलपत्रदाताले यस न.पा. बाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गरी पेश गर्ने सम्पूर्ण कागजातहरु प्रत्येक पानामा सहीछाप तथा प्रमाणित गरी सूचना प्रकाशन भएको मितिले **४औं (मिति २०८३/०६/२२ गते) दिनको १२:०० बजे** सम्ममा यस कार्यालयमा पेश गर्नु पर्नेछ। सोही दिनको २:०० बजे प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।


**कतारमा रोजगार** — कम्पनी : A TO Z VIP FOR CAR CARE

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ | LT. No. 348890 | चलानी नं. ६०२६२०६२

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Polishing Vehicles Worker | 2 | 0 | 1000 | ४२,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1587/079/80

**SAAD OVERSEAS PVT.LTD.**

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com



**युएइमा रोजगार** — कम्पनी : Apex Alwataniah Catering Services Llc

पूर्व स्वीकृति मिति : २०८३/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/११ | LT. No. 317765 | चलानी नं. ६०२६१९३२

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 16 | 0 | 1400 | ५९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Helpers | 9 | 0 | 900 | ३७,९७४ | | | | | | | |
| 3 | Laundry Boy | 18 | 0 | 1100 | ४६,४१२ | | | | | | | |
| 4 | Room Boy | 50 | 0 | 1000 | ४२,१९३ | | | | | | | |
| 5 | Tea Boy | 15 | 0 | 1100 | ४६,४१२ | | | | | | | |
| 6 | Waiter | 14 | 0 | 1100 | ४६,४१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**FRONTLINE RECRUITMENT PVT.LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**युएइमा रोजगार** — कम्पनी : STARFORCE LABOUR SUPPLY LLC

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१८ | LT. No. 338947 | चलानी नं. ६०२५२४३४

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Brick Mason | 7 | 0 | 1200 | ५०,६३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Carpenter | 8 | 0 | 1200 | ५०,६३३ | | | | | | | |
| 3. | Assistant Reinforce Fitter | 10 | 0 | 1200 | ५०,६३३ | | | | | | | |
| 4. | Assistant Stone Mason | 9 | 0 | 1200 | ५०,६३३ | | | | | | | |
| 5. | Labour | 2 | 0 | 1200 | ५०,६३३ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**साउदी/ओमनमा रोजगार** — कम्पनी : SAWAD BEVERAGE ESTABLISHMENT — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/०६/१४ | LT. No. 348797 | चलानी नं. ६०२६२०६१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 4 | 0 | 1300 | ५३,६३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ISSAM AL SABRI MODERN PROJECTS — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/११/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१८ | LT. No. 339668 | चलानी नं. ६०२५३१३४

| सि. नं. | कामदारको पद | पुरुष | महिला | OMR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FOOD WAITER (MALE) | 1 | 0 | 140 | ५६,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २६ गते (12th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

इ.प.नं.११४२/०७३/०७४

Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact No. 9813048931 (Mazid), Email: alkausharhr@gmail.com



**ZERO COST RECRUITMENT IN MALAYSIA !!**
**मलेशियामा शुन्य लागतको अवसर ।**

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, प्रि-राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

COMPANY NAME: **BJC FOODS SDN. BHD.** — JALAN PELABUR
रोजगारदाता कम्पनी : बीजेसी फूड्स एसडिएन.बीएचडी — जालान पेलाबूर

Pre Approval Date : 2023-08-08 | LT. No. 348847 | Consignment No. 60262047
पूर्व स्वीकृति मिति : २०८०/०४/२३ | एल टि न. ३४८८४७ | चलानी नं. ६०२६२०४७

| सि.नं S.N. | कामदारको पद Post of Foreign Migrating Worker's | पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. / 1. | फ्याक्ट्री /जनरल वर्कर (FACTORY/GENERAL) WORKER | १२ / 12 | ० / 0 | आधारभुत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष / Proficient in reading, writing & speaking basic English | १७०० / 1700 | ६४,१५३ / 64,153 | क. नियम अनुसार / As per the company rule | ८ घण्टा / 8 Hours | ६ दिन / 6 Days | क. नियम अनुसार / As per the company rule | छैन / No | छ / Yes | दुई वर्ष / 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने / Domestic medical expenses borne by whom & how much does it cost | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने / Abroad Medical Cost borne by | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने / Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन / Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने / Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने / Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने / How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने / Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८1- उमेर ३६ देखि ५० : ने.रु.४९३१- उमेर ५१ देखि ६४ : ने.रु.९४६३- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Welfare Fund — ने.रू.२५९५।- रोजगारदाताले ब्यहार्ने NPR 2595/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने Rate Service Charge — रोजगारदाताले ब्यहार्ने By the Employer

**बीजेसी फूड्स एसडिएन . बीएचडी ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।**
**BJC FOODS SDN.BHD doesn't impose any Recruitment/Placement Fee for this emplyment.**

श्रीशा इन्टरनेशनल प्रा.लि. को कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेस्रो पक्ष र मध्यस्तथता रहेको छैन र हामी हाम्रो भर्ती पक्रियामा यी माध्यमहरूको प्रयोग पनि गर्दैनौ ।
Shreesha International Pvt. Ltd does not use any Agent/Sub-Agent/Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.

Note (नोट):
आवेदकलाई कुनै पनि मध्यस्थताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्नेछैन ।
Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
प्रि-अन्तरवार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तरवार्ताको लागि योग्य हुनेछन् ।
Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Interview will be conducted on 12th Oct, 2026 in office premisees.**
**अन्तर्वाता मिति २०८३ असोज २६ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सुचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**Shreesha International Pvt. Ltd.** is committed to abide laws and principle guidelines of "Zero Cost" and "Ethical Sourcing/Recruitment" providing equal opportunities treating fairly with the dignity in transparent way.
श्रीशा इन्टरनेशनल प्रा.लि.ले ''शून्य लागत'' र ''नैतिक स्रोत र भर्ती'' को कानुनी सिद्धान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल info@shreeshainternational.com मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at **info@shreeshainternational.com**, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handle your concerns as soon as possible.

**SHREESHA INTERNATIONAL PVT.LTD.** For Location

Govt. License 1573/079/080

Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700,9803846206
Email: info@shreeshainternational.com, www.shreeshainternational.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २९१९०० | प्रति तोला – ० | प्रति तोला – ४३९०



**अस्थायी ट्र्याक खोलिदै** | रसुवा बाढीबाट क्षतिग्रस्त गल्छी–वेत्रावती सडकखण्डमा डोजरको सहयोगमा अस्थायी ट्र्याक खोलिँदै ।
*तस्बिरः रासस*

## राष्ट्रिय क्रिकेट टोलीका नौ खेलाडी बने 'टिम एक्सट्रिम'का सदस्य

**काठमाडौं (प्रस)**– नेपाली क्रिकेटको विकास, खेलाडीको प्रोत्साहन तथा युवा पुस्तामाझ खेलकुदप्रतिको उत्साह र ऊर्जा बढाउने उद्देश्यले एक्सट्रिम इनर्जी ड्रिंकले नेपाली राष्ट्रिय क्रिकेट टोलीका नौ जना चर्चित खेलाडीलाई 'टिम एक्सट्रिम'का सदस्यका रूपमा आबद्ध गरेको छ ।

काठमाडौंस्थित एभरेस्ट होटलमा आइतबार आयोजित विशेष कार्यक्रममा एक्सट्रिम इनर्जी ड्रिंक र राष्ट्रिय क्रिकेट टोलीका नौ खेलाडीबीच औपचारिक सम्झौता सम्पन्न भएको हो । सम्झौताअनुसार सन्दीप लामिछाने, रोहित पौडेल, सोमपाल कामी, आसिफ शेख, ललित राजवंशी, शेर मल्ल, इशान पाण्डे, करण केसी र लोकेश बम 'टिम एक्सट्रिम'का सदस्यका रूपमा आबद्ध भएका छन् ।



सम्झौतापछि आबद्ध खेलाडीहरूले प्रयोग गर्ने क्रिकेट ब्याटमा एक्सट्रिम इनर्जी ड्रिंकको लोगो रहने छ । साथै, एक्सट्रिम इनर्जी ड्रिंकले सञ्चालन गर्ने विभिन्न प्रवर्द्धनात्मक, ब्राण्ड तथा खेलकुदसम्बन्धी गतिविधिमा पनि यी खेलाडीहरूको सहभागिता रहने छ ।

नेपाली क्रिकेटमा खेलाडीहरूको लोकप्रियता र युवापुस्तामा उनीहरूको प्रभावलाई ध्यानमा राख्दै गरिएको यस सहकार्यले क्रिकेट र ब्राण्डबीचको सम्बन्धलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ । नेपाली क्रिकेटको विकास र खेलाडीलाई प्रोत्साहन गर्नुका साथै युवालाई खेलकुदतर्फ आकर्षित गर्न यस्तो सहकार्य महत्त्वपूर्ण हुने एक्सट्रिम इनर्जी ड्रिंकले जनाएको छ ।

### एनपिएलका सात टोलीलाई समेट्दै एक्सट्रिमको विशेष संस्करणको क्यान सार्वजनिक

कार्यक्रममा एक्सट्रिम इनर्जी ड्रिंकले नेपाल प्रिमियर लिग (एनपिएल)मा मुख्य प्रायोजकका रूपमा आबद्ध आफ्ना सात टोलीलाई समेटेर तयार पारिएको विशेष संस्करणको क्यानसमेत सार्वजनिक गरेको छ ।

एनपिएलका सम्बन्धित टोलीको पहिचान र क्रिकेटप्रतिको समर्थकहरूको उत्साहलाई समेटेर तयार गरिएको विशेष संस्करणको क्यानले खेलाडी तथा समर्थकसँगको सम्बन्धलाई थप नजिक बनाउने कम्पनीले जनाएको छ । विशेष संस्करणको क्यानमार्फत एनपिएलको माहोललाई थप रोमाञ्चक बनाउँदै क्रिकेटप्रेमी तथा समर्थकमाझ एक्सट्रिमको उपस्थिति अझ प्रभावकारी बनाउने कम्पनीको विश्वास छ ।

एक्सट्रिम इनर्जी ड्रिंकले नेपाली युवाको ऊर्जा, उत्साह र खेलप्रतिको जोशसँग आफूलाई जोड्दै आगामी दिनमा पनि क्रिकेटलगायत विभिन्न खेलकुद गतिविधिमा निरन्तर सहकार्य र सहभागिता जनाउने जनाएको छ ।

## जलवायु उत्थानशीलताका लागि निजी क्षेत्र अघि सर्नुपर्नेमा सरोकारवालाको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा बढ्दो जलवायु जोखिमलाई सम्बोधन गर्दै जलवायु-उत्थानशील आर्थिक विकासका लागि निजी क्षेत्रलाई लगानी, नवप्रवर्तन र समाधान कार्यान्वयनको भूमिकामा अघि बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । जलवायु वित्तलाई जोखिममा रहेका समुदायसम्म पुऱ्याउन सरकार, निजी क्षेत्र, वित्तीय संस्था, विकास साझेदार, प्राज्ञिक क्षेत्र र स्थानीय समुदायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनीहरूको भनाइ छ ।



'काठमाडौं क्लाइमेट विक २०२६' अन्तर्गत नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा शनिबार काठमाडौंमा आयोजित 'जलवायु न्यायका लागि निजी क्षेत्र' विषयक विशेष सत्रमा सहभागीहरूले जलवायु परिवर्तनका असर न्यूनीकरणसँगै त्यसबाट सिर्जित आर्थिक अवसरलाई समेत उपयोग गर्नुपर्ने बताएका हुन् । अक्टोबर २ देखि ५ सम्म सञ्चालन भइरहेको क्लाइमेट विकमा नेपालसहित विभिन्न देशका नीति निर्माता, व्यवसायी, विज्ञ तथा जलवायु सरोकारवालाहरू सहभागी छन् ।

कार्यक्रममा महासंघको कृषि समितिका सभापति शिवप्रसाद घिमिरेले जलवायु कार्यलाई प्रभावकारी बनाउन निजी क्षेत्र सरकार, प्राज्ञिक संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदारसँग सहकार्य गर्न तयार रहेको बताए । सातै प्रदेश र ७७ जिल्लासम्म फैलिएको महासंघको सञ्जाललाई जलवायु न्याय, विपद् व्यवस्थापन, लघु तथा साना उद्यमको संरक्षण र हरित रोजगारी सिर्जनामा उपयोग गर्न सकिने उनको भनाइ थियो । नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गरे पनि जलवायु परिवर्तनका गम्भीर असर भोगिरहेको उनले बताए ।

घिमिरेले हालैको भोटेकोशी-त्रिशूली करिडोर बाढीबाट भएको ठूलो क्षतिलाई नेपालको बढ्दो जलवायु जोखिमको उदाहरणका रूपमा प्रस्तुत गरे । उनका अनुसार महासंघले निजी क्षेत्रमा ऊर्जा दक्षता, ऊर्जा व्यवस्थापन प्रणाली तथा वातावरणीय, सामाजिक र सुशासन (इएसजी) सम्बन्धी अभ्यासलाई प्रवर्द्धन गर्न प्राविधिक सहयोग गर्दै आएको छ ।

कार्यक्रमको पहिलो सत्र 'नेपालमा जलवायु न्यायका लागि निजी जलवायु वित्त परिचालन' मा ग्रामीण, दुर्गम तथा न्यून आय भएका समुदायसम्म निजी पुँजीको पहुँच विस्तार गर्ने विषयमा छलफल भयो । सहरी सौर्य ऊर्जा र विद्युतीय सवारीजस्ता क्षेत्रमा लगानी बढे पनि दुर्गम क्षेत्रमा विद्युतीकरण, नवीकरणीय ऊर्जा तथा अन्य जलवायु समाधानका परियोजनाले परम्परागत वित्तीय स्रोत पाउन कठिनाइ रहेको सहभागीहरूले बताए । त्यस्ता परियोजनामा मिश्रित वित्त, जोखिम बाँडफाँट र जोखिम न्यूनीकरणका संयन्त्र आवश्यक रहेको उनीहरूको निष्कर्ष थियो । जलवायु वित्तको मूल्यांकन नाफामात्र नभई जोखिम, समानता र जलवायु न्यायका आधारमा पनि गर्नुपर्नेमा जोड दिइयो ।

दोस्रो सत्र 'जलवायु कार्यका लागि निजी क्षेत्रमा नवप्रवर्तन' मा प्रविधि, उद्यमशीलता र स्थानीय आवश्यकतामा आधारित समाधानको सम्भावनाबारे छलफल भयो । पुँजीमा सीमित पहुँच, कमजोर नवप्रवर्तन प्रणाली, अस्पष्ट नीतिगत व्यवस्था, जलवायु शिक्षाको कमी तथा सरकार, व्यवसाय र समुदायबीचको कमजोर समन्वयलाई प्रमुख चुनौतीका रूपमा औंल्याइयो । उपयुक्त प्रविधि, प्रदूषण अनुगमन, कार्बन व्यापार, विद्युतीय गतिशीलता र हरित औद्योगिकीकरणलाई नेपालका सम्भावनायुक्त क्षेत्रका रूपमा प्रस्तुत गरिएको थियो ।

त्यस्तै 'हाम्रा बैंकहरू कति हरित छन् ?' विषयक तेस्रो सत्रमा बैंक तथा वित्तीय संस्थाले जलवायु-उत्थानशील क्षेत्रमा पुँजी परिचालन गर्दा वातावरणीय, सामाजिक तथा सुशासन (इएसजी) पक्षलाई मूल कर्जा, लगानी र जोखिम व्यवस्थापन प्रणालीमै समावेश गर्नुपर्नेमा जोड दिइयो ।

नवीकरणीय ऊर्जा वा विद्युतीय सवारीमामात्र सीमित नराखी सम्पूर्ण बैंकिङ प्रणालीलाई हरित बनाउने आवश्यकता औंल्याइएको थियो । जलवायु तथ्यांकको अभाव, वातावरणीय जोखिम मूल्यांकनमा कठिनाइ र अपर्याप्त जलवायु वित्तलाई प्रमुख चुनौतीका रूपमा प्रस्तुत गर्दै कर्जा प्रवाहपूर्व वातावरणीय मूल्यांकन, विपद् पुनर्स्थापना, बिमा तथा क्षतिपूर्ति प्रणाली विस्तारमा जोड दिइयो ।

तीनवटै सत्रको निष्कर्षमा नेपालको जलवायु कार्यमा निजी क्षेत्रलाई केवल प्रभावित पक्ष वा छलफलको सहभागीका रूपमा नभई लगानीकर्ता, नवप्रवर्तक र समाधान कार्यान्वयनकर्ताका रूपमा अघि बढाउनुपर्नेमा साझा धारणा बनेको छ । नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता, विद्युतीय गतिशीलता, हरित उद्योग र जलवायु-उत्थानशील पूर्वाधारमा निजी क्षेत्रका लागि नयाँ लगानी अवसर रहेको सहभागीहरूले बताएका छन् ।

जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी प्रभावित ग्रामीण, दुर्गम तथा कमजोर समुदायसम्म जलवायु वित्तको पहुँच विस्तार गर्दै निजी क्षेत्रका नयाँ अवसर सिर्जना गर्न सकेमात्रै नेपालमा जलवायु उत्थानशीलता, समावेशी आर्थिक विकास र जलवायु न्यायलाई सँगसँगै अघि बढाउन सकिने निष्कर्ष कार्यक्रममा निकालिएको महासंघले जनाएको छ ।

## काठमाडौंका खुला बजारमा बढ्यो ग्राहकको चहलपहल

**काठमाडौं–** बडादसैं नजिकिएसँगै काठमाडौंको भृकुटीमण्डपलगायतका अन्य विभिन्न खुला बजारमा किनमेल गर्ने ग्राहकको चाप बढेको छ । यहाँका खुल्ला बजारमा दसैंका लागि नयाँ कपडा तथा आवश्यक सामग्री खरिद गर्न पुगेका ग्राहकको चहलपहल अन्य समयको तुलनामा बढेको हो ।

दसैंका लागि परिवारका सदस्य, आफन्त तथा बालबालिकाका लागि नयाँ कपडा खरिद गर्ने ग्राहकको संख्या बढेपछि भृकुटीमण्डप लगायतका बजारमा व्यापारीसमेत व्यस्त देखिएका छन् । भृकुटीमण्डप लगायतका विभिन्न पसलमा ग्राहक कपडा छनोट गर्दै, मूल्यबारे जानकारी लिँदै तथा आफूलाई आवश्यक सामग्री खरिद गर्नेको चाप बढेको भृकुटीमण्डपस्थित खुला बजारका फेन्सी पसलका व्यापारी अशोक खतिवडाले बताए ।

उनका अनुसार केही दिनयता बजारमा ग्राहकको आवागमन बढ्न थालेको छ । विशेषगरी बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका लागि आवश्यक कपडा खरिद गर्ने ग्राहकको संख्या उल्लेख्यरूपमा बढेको उनले बताए । 'दसैं नजिकिँदै गएपछि कपडा किन्ने ग्राहकको संख्या दिनप्रतिदिन बढिरहेको छ । आज (आइतबार) बिहानदेखि बजारमा पहिलेभन्दा बढी चहलपहल देखिएको छ,' खतिवडाले भने ।

दसैंमा नयाँ कपडा लगाउने नेपाली परम्परा रहेकाले पनि चाडपर्वको समयमा कपडाको व्यापार बढ्ने गरेको अर्का व्यापारी श्यामप्रकाश अधिकारीले बताए । उनका अनुसार ग्राहकको चाप बढेसँगै व्यापारीलाई सामान देखाउने, ग्राहकको रोजाइअनुसार कपडा छनोट गराउने, मूल्य बताउने तथा बिक्री व्यवस्थापन गर्न भ्याइनभ्याइ हुने गरेको छ । 'भृकुटीमण्डपमा दसैंका लागि आवश्यक कपडादेखि जुत्ता, चप्पल, बालबालिकाका सामग्री तथा दैनिक उपभोगका विभिन्न सामान खरिद गर्ने ग्राहककोसमेत

### दसैंको आगमन

उपस्थिति बढेको छ,' उनले भने ।



एउटै स्थानमा विभिन्न प्रकारका सामान उपलब्ध हुने तथा ग्राहकले आफ्नो बजेटअनुसार सामान छनोट गर्न सक्ने भएकाले खुला बजारमा किनमेल गर्नेको संख्या बढेको व्यापारीहरूको भनाइ छ । चाडपर्वको समयमा सीमित आम्दानी भएका परिवारका लागि सस्तो बजार रोजाइमा पर्ने गरेको व्यापारीहरू बताउँछन् ।

काठमाडौं उपत्यकाका विभिन्न खुला बजार तथा सडक किनारका रात्रिकालीन पसल तथा सपिङ मल तथा ठूला व्यापारिक केन्द्रको तुलनामा केही सस्तोमा लुगा, कपडा तथा अन्य सामग्री पाइने भएकाले ग्राहकको आकर्षण बढ्ने गरेको व्यापारीहरूको भनाइ छ ।

सुन्धारास्थित रात्रिकालीन सडकपेटीमा लुगा, कपडा बिक्री गर्दै आएकी संगीता न्यौपानेले पनि दसैं नजिकिएसँगै ग्राहकको आवागमन बढेको बताइन् । उनका अनुसार चाडपर्वमा परिवारका सबै सदस्यका लागि कपडा खरिद गर्नुपर्ने भएकाले ग्राहकले मूल्य र गुणस्तर दुवैलाई ध्यान दिने गरेका छन् । दसैंसँगै मौसममासमेत क्रमिकरूपमा सुधार हुन थालेकाले चिसो मौसमका लागि आवश्यक लुगा, कपडा खरिद गर्ने ग्राहक पनि बजारमा देखिन थालेका छन् । विशेषगरी ज्याकेट, स्विटर, ट्र्याकसुट, हुडी तथा अन्य न्यानो कपडा खरिद गर्ने ग्राहकको संख्या पनि बढ्दै गएको व्यापारी हरिकृष्ण कँडेलले बताए ।

दसैंलगायत चाडपर्व नजिकिँदै जाँदा काठमाडौं उपत्यकाका भृकुटीमण्डप, असन, इन्द्रचोक, न्युरोड, सुन्धारा, नयाँसडकलगायत बजारमा ग्राहकको चाप थप बढ्ने व्यवसायीको अपेक्षा छ । चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्न उपत्यकाका साथै बाहिरी जिल्लाबाट काठमाडौं आएका नागरिकसमेत किनमेलमा व्यस्त हुन थालेका छन् । व्यापारीहरूले दसैंलाई लक्षित गरी विभिन्न प्रकारका सामानको मौज्दातसमेत बढाएका छन् । ग्राहकको मागअनुसार बालबालिका, महिला तथा पुरुषका लागि विभिन्न डिजाइन, रङ र मूल्यका कपडा बजारमा राखिएको उनीहरू बताउँछन् । ग्राहकले आफ्नो बजेट र रुचिअनुसार सामान छनोट गर्ने गरेका छन् । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ